# तेह्रथुम, खाम्लालुङ, लिङदेनका लिम्बूहरुको मृत्यु संस्कार

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र अन्तर्गत समाजशास्त्र
विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिको आंशिक आवश्यकता
परिपूर्तिका लागि समाजशास्त्र/मानवशास्त्र
केन्द्रीय विभागमा प्रस्तुत गरिएको
शोधपत्र


शोधकर्ता
सकुन पाहिम
रोल नं. २८३१२७
त्रि.वि. दर्ता नं. ६-१-१०-९९-२००१
समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभाग कीर्तिपूर
त्रिभूवन विश्वविद्यालय

२०७०

**त्रिभुवन विश्वविद्यालय**
**समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभाग**
**कीर्तिपुर, काठमाडौं**

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिको लागि आंशिक आबश्यकता पुरा गर्ने उद्देश्यले प्रस्तुत **"तेह्रथुम, खाम्लालुङ, लिङदेनका लिम्बूहरुको मृत्युसंस्कार"** विषयमा शोधपत्र सकुन पाहिमले मेरो निर्देशन, सुझाब तथा सुपरिबेक्षणमा तयार पार्नु भएको हो । म उहाँको कार्य प्रति सन्तुष्ट छु अतः शोधपत्रको अन्तिम मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

...............................................

उप- प्राध्यापक डम्बर चेम्जोङ
समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभाग
कीर्तिपुर, काठमाडौं ।

मिति :- २०७०/१०/१३

**त्रिभुवन विश्वविद्यालय**

**समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभाग**

**कीर्तिपुर, काठमाडौं**

# स्वीकृति पत्र

**"तेह्रथूम, खाम्लालुङ, लिङदेनका लिम्बूहरुको मृत्युसंस्कार"** शीर्षक राखि त्रिभुवन विश्वविद्यालय समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभाग कीर्तिपुर अन्तर्गत स्नातकोत्तर तह दोश्रो वर्षमा अध्ययन गर्ने सकुन पाहिमले  प्रस्तुत गर्नु भएको शोधपत्रलाई स्वीकृति प्रदान गरिएको छ ।

हस्ताक्षर

प्रा.डा. ओम गुरुङ ........................................

(विभागीय प्रमुख)

डम्बर चेम्जोङ ..........................................

(शोध निर्देशक)

टिकाराम गौतम .......................................

(बाह्य निरिक्षक)

मितिः-  २०७०/१०/१३

# कृतज्ञताज्ञापन

प्रस्तुत **"तेह्रथुम, खाम्लालुङ, लिङदेनका लिम्बूहरुको मृत्युसंस्कार"** शीर्षकको शोधपत्र समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिको आंशिक कार्य पूर्तिको लागि तयार पारिएको हो । सर्व प्रथम त यस शोधपत्र लेखनको लागि आर्थिक सहयोग प्रदान गरेकोमा कर्नेल नेपाल अध्ययन कार्यक्रमलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु । यस शोधकार्य लेख्ने सुअवसर प्रदान गर्नुहुने त्रिभुवन विश्वविद्यालय कीर्तिपुर क्याम्पस समाजशास्त्र/मानवशास्त्र विभागका प्रमुख डा.ओम गुरुङ्गज्यू प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । यस शोधपत्रको प्रस्तावना कार्यदेखि अन्त्य सम्म आफ्नो अमूल्य समय दिई निर्देशन, सल्लाह, सुझाव एवं सहयोग प्रदान गर्नु हुने समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभागका उप-प्राध्यापक डम्बर चेम्जोङज्यू साथै बाह्य निरिक्षक उप–प्राध्यापक टिकाराम गौतमज्यू प्रति आभार व्यक्त गर्दछु । साथै यस शोधपत्र लेखनको क्रममा आवश्यक सूचनाहरु उपलब्ध गर्नको लागि सहयोग पुऱ्याउनु हुने तेह्रथुम, खाम्लालुङ, लिङदेनका सूचनादाताहरु, फेदाङमा, तुम्याङहाङलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

सदा स्नेह र प्रेरणा सहित इज्जत र प्रतिष्ठाका लागि जीवनमा सङ्घर्ष गर्नुपर्छ भन्ने नैतिक अर्ती दिँदै व्यवहारिक समस्यासँग सङघर्ष गरेर मेरो अध्ययनलाई यस अवस्थासम्म पुऱ्याउनु हुने बावा केशर सिं पाहिम र स्वगिर्य आमा नन्द कु. मादेन प्रति हार्दिक कृतज्ञित छु । यसका साथै मेरो शोधपत्रको लेखनमा सहयोग गर्नुहुने दिदी रुपा पाहिम साथीहरु योगेन्द्र राई, सुनिता श्रेष्ठ र अभियान केसीलाई धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा यो सोधपत्रले तेह्रथुम, खाम्लालुङ, लिङदेनका लिम्बूहरुको मृत्युसंस्कारको बारेमा जानकारी गराउन सहयोग मिल्ने विश्वास लिएकी छु । यस शोधपत्रको समुचित मूल्याङकनका लागि त्रि.वि. समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभाग कीर्तिपुर समक्ष पेश गर्दछु ।

मितिः- २०७०/१०/१३ शोधार्थी

सकुन पाहिम

# विषयसूचि


| | | पेज नं. |
|---|---|---|
| अध्याय एकः | **परिचय** | **१-७** |
| | १. पृष्ठभूमि | १ |
| | २. अध्ययनको सन्दर्भ र सवालहरु | ६ |
| | ३. उद्देश्यहरु | ६ |
| | ४. अध्ययनको महत्व | ७ |
| | ५. अध्ययनको सीमा | ७ |
| अध्याय दुईः | **सान्दर्भिक कृतिहरुको समीक्षा** | **८-१४** |
| अध्याय तीनः | **अनुसन्धान पद्धति** | **१५-१७** |
| | १. अध्ययनको क्षेत्र छनौट | १५ |
| | २. अनुसन्धानको ढाँचा | १५ |
| | क) वर्णनात्मक अनुसन्धान ढाँचा | १५ |
| | ख) अन्वेषणात्मक विधि | १५ |
| | ३. तथ्याङ्कको स्रोत | १५ |
| | क) प्राथमिक स्रोत | १५ |
| | ख) द्वितीय स्रोत | १६ |
| | ४. तथ्याङ्क संकलन प्रक्रिया | १६ |
| | क) अवलोकन | १६ |
| | ख) अन्तरवार्ता | १६ |
| | ग) समूह केन्द्रीत छलफल | १६ |
| | ५. तथ्याङ्क विश्लेषण | १६ |
| अध्याय चारः | **अध्ययन क्षेत्र र लिम्बूहरुको सामान्य परिचय** | **१८-२६** |
| | १. अध्ययनको क्षेत्र | १८ |
| | २. लिम्बूहरुको सामान्य परिचय | १८ |

| | | |
|---|---|---|
| | ३. धर्म | २० |
| | क) नाहेन साक्मा | २० |
| | ख) नाहाङमा | २१ |
| | ग) ताम्फुङमा | २१ |
| | घ) ओक्वानामा | २१ |
| | ङ) माङ्गेना | २१ |
| | ४. चाडपर्वहरु | २२ |
| | क) कःक्फेक्वा तङनाम (माघे संक्रान्ति) | २२ |
| | ख) यक्वा तङनाम (उँभौली चाड) | २२ |
| | ग) सिसेक्वा तङ्नाम (श्रावण संक्रान्ति) | २२ |
| | घ) बलिहाङ तङनाम (तिहार चाड) | २३ |
| | ङ) चासोक तङनाम (मंसिरे पूर्णिमा) | २३ |
| | ५. भेष–भूषा र गरगहना | २३ |
| | ६. खानपीन | २४ |
| | ७. घर बस्ती | २४ |
| | ८. पेशा | २४ |
| | ९. संस्कारहरु | २५ |
| | क) जन्म संस्कार | २५ |
| | ख) विवाह संस्कार | २५ |
| | ग) मृत्युसंस्कार | २६ |
| **अध्याय पाँचः** | **लिम्बूहरुको मृत्यु संस्कार** | **२७–५४** |
| | १. मृत्युको सामान्य परिचय | २७ |
| | २. लिम्बूहरुमा मृत्युसंस्कार | २८ |
| | ३. मृत्युसंस्कारका चरणहरुः | २८ |
| | मृतकलाई दाहसंस्कार गर्ने विधि | २८ |
| | क) चेधाप बनाउने विधि | २९ |
| | ख) माटोमाग्ने विधि | ३० |

ग) सामलःमा विधि ३२

घ) मलामी खाजा खुवाउने ३२

४. साम्दाखोङ ३३

५. नुनतेल फुकाउने कार्य ३४

६. मूख्य सुध्याँइ ३५

७. पहिला र अहिले नेःयुक्मा बस्दाखेरी प्रयोग गरिने लुगाफाटा लवाई बारे ३९

८. छोरा र छोरी विदेशमा रहेको समयमा बुबा, आमाको मृत्यु भएमा फर्की आएपछि उनीहरुले काजकिरिया गर्ने तरिका । ४०

९. सिःतङसिङ र याग्रेसिङ बनाउने विधि ४०

१०. मिक्वाःसाङमा गर्ने विधि ४२

११. मृत्युसंस्कारमा आवश्यक पर्ने खाद्य पदार्थहरु ४२

१२. मृत्युसंस्कारमा आवस्यक पर्ने बोट विरुवाहरु ४३

१३. मृत्युसंस्कारमा आवश्यक पर्ने पेय पदार्थ ४३

१४. मृत्युसंस्कारमा आवश्यक पर्ने मासुमंस ४४

१५. जुठो पर्ने ४५

१६. जुठो परेको बेला कोसँग के खाने/नखाने, सामाजिक जीवनबारे, के बार्ने/नबार्ने, दैनिक जीवनको अन्य पक्षहरु १५

१७. अकाल मृत्यु ४६

क) सोघा तोम्मा मृत्यु ४६

ख) सुगुप सेःप्मा मृत्यु ४८

ग) ससिक यङदङ मृत्यु ४८

लिम्बूहरुको परम्परागत मृत्युसंस्कारमा आएको परिर्वतनहरु ४९

१. मृत्युसंस्कारमा आएका परिवर्तनका कारक तत्वहरु ५१

क) सामाजिक तथा साँस्कृतिक पक्ष ५१

ख) आर्थिक पक्ष ५१

ग) शैक्षिक पक्ष ५२

घ) संचार माध्यम ५३

ङ) बसाँईसराई तथा वैदेशिक रोजगार ५३

**अध्याय छः सारांश र निष्कर्ष** **५५–५६**

**सन्दर्भसूचिहरु**

## लिम्बू शव्द र तिनका नेपाली अर्थ

| | | |
|---|---|---|
| हाङसाम | – | देवात्मा |
| सिसाम | – | मृतआत |
| नेत्युक्मा | – | किरीयावस्नु |
| सोघा | – | अकालमृत्यु |
| सुगुप | – | सुत्केरी अवस्थामा मृत्युहुनु |
| ससिक | – | वच्चा मरेको जन्मनु |
| चेधाप | – | लास |
| चेसावा | – | मलामीहरु |
| तुम्याङहाङ | – | भलाद्मी |
| चावोङ | – | धानभुटेको |
| फेदाङमा | – | पुजारि |
| हुक्वा फिम्मा | – | पिण्ड चढाउनु |
| मुक्तो | – | स्याउली |
| सिदिङवा | – | अररीको काँडा |
| मिक्वासाङमा | – | आँशुपखाल्नु |
| चेतोङ मायाङ | – | चाँदीको सिक्का |
| चेखाःनाम | – | लास वोक्ने नाम्लो |
| मेरिङथक्मा | – | विलना पोख्दै रुनु |
| सामपोःमा | – | सातो अल्मलिनु |
| खामइङमा | – | माटोकिन्नु |
| कुलोअ्लुङ | – | विछ्याउने ढुङगा |
| कुयेप्लुङ | – | ठाडो राख्ने ढुङगा |
| कुतेप्लुङ | – | छोप्ने ढुङगा |
| सुत्लुङ | – | ठाडो ढुङगा |
| चेखोङ | – | खाडल |
| सामलःमा | – | सातो निकाल्नु |
| साम्दाखोङ | – | मृतकको सातोलाई पोको पारिएको वस्तु |
| सिजङवा | – | रक्सी |
| मि | – | आगो |
| फूदोङ | – | मेजमान |
| याङ | – | रुपैंया |
| तरेवा/तरेमा | – | पाहुना |
| हिमदाङवा | – | घरमूली |

# अध्याय– एक

# परिचय

## १. पृष्ठभूमि

"लिम्बूहरुमा कुनै पनि मानिसको मृत्यु हुनु अघि निस्केर जाने आत्मालाई सिसाम (मृतात्मा) भन्ने गर्दछन् जुन प्रेतात्मा बन्छ । पितृका आत्माहरू हाङसाम (देवात्मा) र सिसाम (प्रेतात्मा) का रुपमा मान्छे, रुख, ढुङ्गा, जनावर, पंक्षी पहाड र नदी जस्ता प्रकृतिहरुमा पाईन्छन् " (माबुहाङ, २०६९) ।

"मृत्यु भनेको आत्माले यो संसार छाडी अर्को संसार (स्वर्गमा) बसाँई सर्ने प्रकृयालाई सम्बोधन गर्दछ । उसको पुःनर्जन्म उसको कार्यको आधारमा निर्धारित हुन्छ" (नेपाली, १९६५) ।

(माबुहाङ, २०६९) का अनुसार "लिम्बू धर्म भन्नाले हिजो हाम्रो पूर्खाहरुले जीवन भोगाईका क्रममा विशेष गरि प्राकृतिक बिपत्तिसँग जुध्नु पर्‍यो । यस्ता संकटबाट बच्ने क्रममा भोगेका अनुभव/उपायहरु/क्रियाकलापहरुमा उनीहरुको पितृको नेतृत्वदायी भूमिका हुन्थ्यो । यसकारण कुनै पनि प्राकृतिक बिपत्तिबाट बच्न पितृकाआत्मा पुकार गर्नुपर्ने मान्यता विकास हुँदै गयो । पितृका आत्माहरुलाई देउताको रुपमा स्थान दिईन थालियो । वास्तवमा यस्ता पितृका आत्मालाई फेदाङमा, साम्वा र येवाहरुले पुकार्ने संस्कार नै हाम्रो धर्म हो ।" यहि मान्यतालाई आधार मानेर (सुब्बा, १९९५) ले मृत्युलाई यसरी परिभाषित गरेका छन् "मृत्यु एउटा सामाजिक प्रकृया हो । जुन प्रकृयामा मृतकको आत्मा उसको पुर्खासम्म पुग्ने र जीवीत समुदाय, परिवार र नातेदारसँग अलग हुने प्रकृया हो ।

"मृत्युसंस्कार भन्नाले लाशलाई अग्निद्वारा भगवान सामु अर्पण गर्ने सामाजिक प्रकृया हो, जसले मृतक शवलाई पुनः निर्मित गराउन सघाउँछ । यसले समय र ब्रह्माण्डलाई सञ्चालीत गराउँछ । जुनद्वारा जीवन र मृत्यु एकैको दुई पाटा र कहिल्यै नसकिने प्रकृया हो भन्ने बुभ्नु पर्दछ" (पेरी, १९८२) ।

मृत्युसंस्कार किन आवश्यक छ भन्ने कुरामा पेरीले यसरी उल्लेख गरेका छन् "मृत्युसंस्कार द्वारा मृतकलाई पुनः निर्मित गरिन्छ र यसैक्रममा समय र ब्रह्माण्डलाई सञ्चालित गराउँछ । साथसाथै उनी भन्दछन् मृत्युसँग शुद्ध र अशुद्ध दुई मूल्यमान्यताहरु जोडिएको हुन्छ यस कारण शोकोन्मूख परिवार र उसको नातेदार समुदाय अशुद्ध हुन्छन् र ती शोकोन्मुख परिवार उसको नातेदार समुदायलाई शुद्ध अवस्थामा फर्काउनको लागि मृत्युसंस्कारबाट सम्भव हुन्छ ।" यसरी पेरीले मृत्युसंस्कारको महत्व देखाएका छन् ।

नेपालीको मृत्युसंस्कार सम्बन्धी अवधारणा पेरीसँग मिल्दोजुल्दो देखिन्छ । उनका अनुसार "परिवारमा कुनै ब्यक्तिको मृत्यु हुँदा सो परिवार, परिवारका नातेदार र गुठी समुदायका सदस्यहरु अशुद्ध हुन्छन् । यसकारण परिवार, सो परिवारका नातेदारहरु र गुठी समुदायका सदस्यहरु पु:न शुद्ध अवस्थामा फर्काउन र सामान्य जीवनयापन गर्न मृत्युसंस्कारले सम्भव तुल्याउने गर्दछ । यसकारण मृत्युसंस्कार कुनै एक व्यक्ति वा परिवारको नभई यो संस्कार सामूहिक हुन्छ ।

मानव समाजमा जन्मदेखि मृत्यु पर्यन्त संस्कारहरु हुन्छन् तिनै संस्कारहरुले सामाजिक सुव्यवस्था कायम गर्न महत्वपूर्ण भूमिका खेलिरहेको हुन्छ । पृथ्वीमा कुनै पनि वस्तुको उत्पत्तिसंगै अन्त पनि हुन्छ । निर्माणसंगै विनास र जन्मसंगै मृत्यु पनि जोडेको हुन्छ । जब मानिसहरु आफूसंगै रहेको व्यक्तिको मृत्यु भएपछि सँधैको लागि बिदा दिनु सह्य थिएन । जसले गर्दा त्यस्तो बिछोडलाई सहज बनाउन श्रद्धा प्रकट गर्नको लागि मृत्यु सम्बन्धि थप विभिन्न किसिमका संस्कारहरुको जन्म भयो । यस संस्कारको अर्थ स्वभाविक, परिमार्जन, शुद्ध गर्नु, पवित्र पार्नु, जीवन जीउन सरल बनाउने प्रकृया हो । आज विद्यमान संस्कारहरु एकै चोटि निर्माण भएका होइनन् । मानिसहरुको आवश्यकता अनुसार संस्कारहरुको जन्म भएको हो । त्यसैगरि विभिन्न जातिहरुले पनि आफ्नो संस्कार संस्कृतिहरु धार्मिक मान्यता र आस्था अनुसार सम्पन्न गर्ने गर्दछन् । लिम्बूहरुले पनि आफ्नो संस्कार संस्कृति साथै मृत्युसंस्कारलाई पनि आफ्नै विधि अनुसार मुन्धुमलाई अवलम्वन गर्दै सम्पन्न गर्ने गर्दछन् ।

लिम्बूहरु पूर्वी नेपालको पहाडी भू-भागमा बसोवास गर्ने पूरानो आदिवासी हुन् । ऊनीहरुको मुख्य बसोवास रहेको स्थानहरुमा ताप्लेजुङ्ग, पान्थर, धनकुटा, तेह्रथुम, संखुवासभा, र ईलाम हुन् । हाल आएर झापा, मोरङ्ग, सुनसरीलाई पनि लिम्बू सम्बद्ध

राजनितिक दल तथा संस्थाहरुद्धारा लिम्बुवान क्षेत्र घोषित गरिएको छ । लिम्बूहरु आफूलाई सुसुवा लिलिम याक्थुङहाङका सन्तान 'याक्थुङवा' भन्दछन् । अन्य जातिहरुले उनिहरुलाई सम्वोधन गर्दा लिम्बू भन्दछन् । लिम्बूभाषामा 'लि' को अर्थ 'धनु' र 'आम्ब' को अर्थ धनुधारि वा धनुधारण गर्नेलाई लिम्बू भनिन्छ । प्राचीन कालमा आठ किराँती राजाहरुको विरुद्ध दश सरदारहरुले धनुवाण 'लि' द्वारा युद्ध जीती शासन व्यवस्था कायम गरे, अर्थात प्राचिन कालमा धनुको माध्यमबाट युद्ध परास्त गरेर राज्य स्थापना गर्नेलाई नै लिम्बू भनियो ( चेम्जोङ २०६९) ।

किराँत मुन्धुम अनुसार उहिले मुक्तोबुङ साङयेचेमाका छोरी तेल्लारा लाभियङ्ना थिईन । उनका लाकेरेक र नामकेरेक नाम गरेका दुई भाई छोराहरु थिए । आमाको मृत्यु भएपछि उनीहरुले मृतआमालाई जमिनमुनि गाड्न खोजे भूमिपुत्रहरुले दिएनन् । खोलामा बगाऊन लगे माछाहरुले दिएनन् । रुखमा राख्न लगे त्यहाँ पनि चराचुरुङ्गिहरुले दिएनन् । ऊनीहरुले आमाको लासलाई एउटा ओडारमा लगेर राखे । लाकेरेक र नामकेरेक खेती गर्न लागे । जहिले पनि उनीहरुको मेलो भोलिपल्ट हेर्दा तुऱ्याएको हुन्थ्यो । अचम्म परेर एकरात उनीहरुले कसले हाम्रो मेलो तुऱ्याईदिँदो रहेछ भनेर रातभरी ढुकेर बसे । मध्यरातमा उनीहरुको आमा आएर खेती गरेको देखेपछि आमालाई भेटे । आमाले भनिन् तिमीहरुले मलाई चेधाप (लास) बनाएर जंगलमा लगेर भूमिपुत्रहरुसँग माटो किनेर विधि पुराएर सद्गत गरी आएर तीन दिनसम्म नुन, तेल, अदुवा, लसुन, खुर्सानी आदि नखाई यक्तुवा ( नेत्युक्मा) कर्म गरेर भानाभान्जा, कूलकुटुम्व, दाजुभाई, पंच भलाद्मी राखी खानपिन दिएर बिदा गरेपछि मात्रै म यस लोक देखि पार हुन पाऊँछु भनिन् र सोही अनुसार गरेर छोराहरुले आमालाई विदा गरे । त्यसबेला पहिलो चोटी नुन तेल बारि विधी अनुसार मृत्युसंस्कार सम्पन्न गर्ने चलन लिम्बूहरुमा रहँदै आएको छ (माबुहाङ, २०६९) ।

लिम्बूहरुको मृत्युसंस्कार निम्न प्रकारका छन् ।

१. काल गतिले मरेको

२. सोघा (अकाल मृत्यु)

३. सुगुप (सुत्केरी अवस्थामा मृत्यु)

४. ससिक (बच्चा मरेको जन्मनु)

लिम्बूजातिमा यी उल्लेखित मृत्युलाई भिन्ना भिन्नै तरिकाले सम्पन्न गर्ने गरिन्छ । लिम्बूसमुदायमा कुनै पनि सदस्यको रोगब्याधिले सताएर वा विनारोग मृत्यु भएमा त्यसलाई कालगतिले मृत्यु भएको भनिन्छ । कुनै जाति लडेर वा झुण्डिएर मरेमा त्यसलाई 'सोघा' भनिन्छ । सुत्केरी अवस्थामा वा सुत्केरी हुन नसकेर मृत्यु भयो भने त्यसलाई 'सुगुप' भनिन्छ । कुनै पनि बच्चा आमाको पेट भित्रै मरेर वा मृत बच्चा जन्मिएमा वा दाँत नउम्री मृत्यु भएमा त्यसलाई 'ससिक' भनिन्छ ।

साधारण कालगतिले मृत्यु भएको छ भने त्यस व्यक्तिको प्राण छुटेपछि मृतकको मुखमा पानि दिई आँखा मुख मिलाई दिने कार्य गरिन्छ । त्यसपछि मृत्युको संकेत दिन सिंगल बन्दुक पड्काउने चलन छ । जसले दाजुभाई, इष्टमित्रलाई बोलाउनु र मृतकलाई सलामि दिनु पनि हो । शवलाई चेधापमा लगाउन अघि सर्वप्रथम मृतकलाई नुहाई सफा लुगा लगाई दिने, निधारमा चाँदीको पैसा लगाई दिने र महिला भए गरगहना लगाई दिने चलन छ । लिम्बूहरुमा मृतकको प्राण छुटेको दिन वा भोलिपल्ट चिहानमा लाने चलन छ । चिहानमा लाने दिन बिहानै मूलढोकाको सिधा आँगनमा 'चेधाप' तयार बनाएर सेतो कपडाले बेरेर मृतकको निधारमा चाँदीको पैसा लगाई दिने चलन छ । मृतकको शीर र खुट्टा पट्टि काँसको थाल र पुरुष भए खुकुरी स्त्री भए खुर्पा राख्ने चलन छ । चेधाप हरियो बाँसको बनाईन्छ र स्त्री भए तीन ठाउँ र पूरुष भए चार ठाउँ चोयाले बाँधेर लैजाने विधि छ । शवलाई लैजाँदा बाँसको चार सुरमा आफ्नो छोराछोरीले बोक्ने चलन  छ । साथमा चेसावा 'मलामी' हरु पनि हुन्छन् । शवलाई घरबाट उठाएर लैजाँदा  अघि अघि एकजना तुम्याङहाङ 'भलाद्मी' ले चावोङ् (धान भुटेको र पैसा चानचुने) छर्दै हिड्छ । लासलाई घरबाट निकालेपछि भित्रबाट बाहिर लिपेर घर चोख्याउने चलन छ ।

लिम्बूहरुले शवलाई जंगलमा लगेर दफन गर्ने चलन छ । चिहानघारी लिम्बूसमुदायको आफ्नै हुन्छ । शवलाई चिहान घारीमा पुऱ्याएपछि मृतकको नाप अनुसार खाल्डो खनेर लासलाई काठको बाकसमा राखेर पश्चिम तर्फ सिरानी पारि एकमाना चामल र उनले प्रयोग गरेका लुगाफाटाहरु राखी दिने गर्दछन् । चिहान खन्न अगाडि फेदाङ्माले मुन्धुम अनुसार माटो किन्ने गर्दछ । त्यसपछि चिहान खन्ने कार्य सकिएपछि मृतकलाई सद्गत गरिन्छ । त्यसपछि निधारमा राखेको चाँदीको पैसालाई कात्रोको एकटुक्रा कपडा च्यातेर

उक्त थालमा राखी घरको एक कुनामा सफासँग लिपपोत गरि झुन्ड्याउने चलन छ, त्यसलाई साम्दाखोङ भनिन्छ । त्यहाँ उपस्थित सबै चेसावारुले माटो, खरानीद्वारा ईश्वरले तिम्रो शरीर निर्माण गरेका थिए, आजसम्म यो संसारमा भोग गऱ्यौ आज पूनः तिम्रो शरीर माटोमा मिल्दैछ, तिम्रो मृतआत्माले शान्ति पाओस् भन्दै श्रद्धान्जली माटो दिनु पर्दछ । माटो ढुङ्गाले खाडल पुरेपछि पुरुष भए चारतला र स्त्री भए तीनतलाको ढुङ्गाले गारो उठाउनु पर्दछ । यदि मृतक सम्मानित व्यक्ति भएमा अरु सम्मानार्थ उसको स्मृति स्तम्भ आठ वा नौ तला उच्च उठाउनु पर्दछ (चेम्जोङ, २०६९) । चेसावाहरुलाई तितेपातीको मन्टा र चोखो पानीले चोख्याउने चलन छ । साम्दाखोङ घरको एक कुनामा झुन्ड्याएर सिधा मुनी लिपपोत गरि जाँड रक्सि सहित चोयाको फुर्लुङ बुनेर चोखो खानेकुरा राखी त्यही छेउमा क्रियापूत्रीहरु बस्ने चलन छ । क्रियापूत्रीहरुले बिहान बेलुका स्नान गरि मृतकको नाममा उक्त खानेकुरा राखेको ठाउँमा हुक्वा फिम्मा गर्दछन् । स्त्री मान्छेको तीन दिन र पूरुष मान्छेको चार दिनपछि चोख्याउने चलन छ । चोखिने दिनमा मामाद्वारा केश खौरेपछि मासु, अदुवा, लसुन, खुर्सानी, तेलमा भुटेर नुन राखी नाङ्लोमा राखी त्यहाँ एक बोतल जाँड र एक बोतल रक्सी फेदाङमाले मुन्धुम फलाक्दै आज देखि साम्दाखोङ नुनतेल फुक्का गरेको घोषणा गर्दछन् । क्रिया बस्नेलाई पश्चिम तर्फ फर्काएर एक सानो भाँडामा सफा पानी, तिल, जौ, पाँच मुन्टा तितेपाती, पाँच वटा दुवो वा काउलोको मुन्टाको एकै मुठा बनाई पँचभलाद्मी सामु फेदाङमाले छर्की-छर्की चोख्याउने चलन छ । नाङ्लोमा राखेको नुन, तेल, मासु, जाँड, रक्सीलाई 'युममचि नाःक्मा' प्रसादको रुपमा सबैलाई बाँडिदिने गर्दछन् ।

लिम्बूसमुदायमा बरखी १५ दिने, ४५ दिने, तीन मासे, ६ मासे, ९ मासे, बाह्रमासे विजोडि समय मिलाएर गर्ने चलन छ । बरखीको दिनमा आवस्यक सामग्रीहरु तयारी गरि फेदाङमाले मृतात्मालाई अन्तिम बिदा दिन्छ र भेट नहुने तीन वाचा बाँधि दिन्छ । र बरखीको बेलुका "इसेम्मा तङ्सीङ्" राखिन्छ । जसले मृतआत्मा र जीवित आत्मा लाई छुट्याउने काम गर्दछ । त्यसको भोलीपल्ट बिहान "मिक्वासाङ्गमा" गरिन्छ । यसरि लिम्बूहरुको मृत्युसंस्कार सम्पन्न हुन्छ ।

यसरी परम्परादेखि चल्दै आएको लिम्बूहरुको मृत्युसंस्कार समय अनुसार परिवर्तन हुँदै आईरहेको छ । जसमा विषेश लिम्बूहरु बसाँइसरी विभिन्न जातिहरु माझ बस्दा वा लिम्बू

समाजमा विभिन्न जातिका मानिसहरु आएर बस्नाको कारणले पनि परसंस्कृति ग्रहण गरि उनीहरुको संस्कृतिमा पनि परिवर्तन देखापरेको पाइन्छ । लिम्बूजातिमा हिन्दु संस्कारको प्रत्यक्ष प्रभाव परेको देखिन्छ । लिम्बू समुदायमा लासलाई गाड्ने चलन छ । तर अहिले आएर ठाउँ ठाउँमा जलाउने गरेको देखिन्छ । यसरी आधुनिकीकरणसंगसंगै सञ्चार प्रविधिको द्रुत विकास, यातायातको सुविधा र बढ्दो सम्पर्क शिक्षा, विश्वव्यापिकरणले गर्दा लिम्बूहरुको परम्परागत संस्कारमा क्रमिक अन्तर आईरहेको छ । लिम्बूहरुको मृत्युसंस्कारलाई प्रष्ट्याउनु र यसमा आएको केही परिवर्तनलाई नियाल्ने शोधपत्रको विषय रहेको थियो ।

## २. अध्ययनको सवालहरु

लिम्बूजातिको मृत्युसंस्कार अन्यजातिको भन्दा फरक छ । जुन संस्कारले गर्दा आज यो जातिको संस्कृति अरुजातिको भन्दा फरक छ । लिम्बूहरुको परम्परागत संस्कार र संस्कृतिमा विस्तारै परिवर्तन आइरहेको छ । अध्ययन गर्ने क्रममा लिम्बूहरुको रहनसहन, भेषभुषा, धर्म, पेशा व्यवसाय, चाडपर्व, संस्कारहरुलाई अध्ययन गरिएको छ । साथै मृत्युसंस्कारमा आएको परिवर्तनलाई प्रस्तुत गरिएको छ । समयसंगै विकास भएको शिक्षा, प्रविधिको विकासले लिम्बूहरुको जीवन शैलीमा पनि परिवर्तन भयो जसले गर्दा उनीहरुको मूल्य मान्यता संस्कारहरुमा पनि परिवर्तन आईरहेको छ । जसको प्रभाव मृत्युसंस्कारमा पनि परेको छ । त्यसैले यो अध्ययनले लिम्बूहरुको मृत्युसंस्कारमा पहिलेको अवस्था र अहिलेको अवस्थालाई हेर्न निम्न प्रश्नहरु उठान गरिएको थियो ।

१. लिम्बूहरुको सामाजिक परम्परा र मूल्य मान्यताहरु के के थिए ?
२. लिम्बूहरुको मृत्युसंस्कारमा परम्परागत परिवर्तन हाल के कस्तो देखिन्छ ?

## ३. उद्देश्यहरु

हरेक अध्ययनको उद्देश्य रहेको हुन्छ । यस अभ्ययनको उद्देश्य लिम्बूहरुको मृत्युसंस्कारको अध्ययन गर्नु रहेको थियो । यो उद्देश्य पुरा गर्नको लागि निम्न विशिष्ट उद्देश्यहरु राखिएको थियो ।

१. लिम्बूहरुको मृत्युसंग सम्बन्धित सामाजिक परम्परा, मूल्य मान्यताहरुको वर्णन गर्नु ।

२. लिम्बूहरुको परम्परागत मृत्युसंस्कारमा देखिएको परिवर्तनको अध्ययन गर्नु ।

३. लिम्बूहरुको मृत्युसंस्कारमा देखिने परिवर्तनका कारक तत्वहरुको अन्वेषण गर्नु ।

## ४. अध्ययनको महत्व

यो अध्ययनमा केवल लिम्बूहरुको मृत्युसंस्कारको बारेमा मात्रै नभएर त्यसको परिवर्तनको बारेमा उल्लेख गरिएको छ । जसले गर्दा लिम्बूहरुलाई आफ्नो मौलिक संस्कृतिप्रति सचेत हुन सहयोग पुऱ्याउने छ । साथै लिम्बूहरुको रहनसहन, भेषभुषा थाहा पाउन र मृत्युसंस्कारको वर्तमान अवस्थाको बारेमा जानकारी इच्छुक व्यक्ति वा संस्थाहरुलाई समेत यो शोधपत्रले सहयोग पुऱ्याउने छ ।

## ५. अध्ययनको सीमा

कुनै पनि जातिको संस्कृति र संस्कारको विषयमा अध्ययन गर्नलाई लामो समयको आवश्यकता पर्दछ । तर यहाँ समय र आर्थिक स्रोतको सिमीततालाई ध्यानमा राखी अध्ययन लाई व्यापक रुपमा नलिई लिम्बूहरुको पूरानो बसोवास स्थल तेह्रथुम, खाम्लालुङ्ग, लिङदेनका लिम्बूहरुलाई मात्रै लिएकी थिएँ । यसमा लिम्बूहरुको छोटो परिचय, धर्म, संस्कार, संस्कृति र विशेष गरि मृत्युसंस्कारलाई उल्लेख गरिएको छ । यस अध्ययन क्षेत्रको लिम्बूहरुको परम्परागत मृत्युसंस्कारमा आएको परिवर्तनको बारेमा हेरिने भएकोले अन्य क्षेत्रका लिम्बूहरुको मृत्युसंस्कारसँग मेल नखान सक्छ ।

# अध्याय–दुई

## सान्दर्भिक कृतिहरुको समिक्षा

नेपालको पूर्वमेचीदेखि पश्चिम महाकालीसम्म विभिन्न जातजातिहरुको बसोबास रहेको छ । यी क्षेत्रहरुमा बसोबास गर्ने जातजाति, भाषा, धर्म, रितिरिवाज फरक फरक छ । नेपालमा समाजशास्त्रीय मानवशास्त्रीय अध्ययन र अनुसन्धान गर्नका लागि निकै सम्भावनाका विषयहरु देखिन्छन् । तर पनि यहाँका समाजको अध्ययन त्यति पुरानो देखिँदैन । वि.सं. २००७ सालमा राणा शासनको अन्त्यपछि नेपालमा समाजशास्त्रीय मानवशास्त्रीय अध्ययनको सुरुवात भएको पाइन्छ । स्वदेशी तथा विदेशी समाजशास्त्री मानवशास्त्रीहरुले खोजमूलक कार्यहरु गरेको पाइन्छ । जसमा मुख्य गरी नेपाली समाजशास्त्रीय अध्ययनको कोशे ढुङ्गाको रुपमा स्थापित गोपाल सिंह नेपाली (१९६५) द्वारा कीर्तिपुरको पाँगामा बसोबास गर्ने नेवार समुदायको सामाजिक साँस्कृतिक र आर्थिक पक्षको बारेमा अध्ययन गरेको पाइन्छ । नेपालका लिम्बूजातिको संस्कार संस्कृतिसम्बन्धी सान्दर्भ साहित्यको समिक्षा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

Goddy (1959) ले उनको लेख 'म्यान' मा जेम्स फ्रेजरको विचारलाई आधार मान्दै मृत्युसंस्कार र पुर्नजन्मलाई विश्वव्यापी सामाजिक वैचारिक रुपमा प्रस्तुत गरेका छन् । साथसाथै मृत्युसंस्कार भित्र सामाजिक व्यवस्था कसरी अन्तरनिहीत हुन्छन् भनेर प्रस्तुत गरेका छन् । गोडीले यी माथिका कुरालाई पुष्टि गर्नकालागि Van Gennep को सैद्धान्तिक अवधारणा Rite De Passage (1909) मार्फत मृत्यु वा मृत्युसंस्कारलाई प्रस्तुत गरेका छन् । Gennep को अनुसार हरेक संस्कारमा तीन प्रकारका अवस्था हुन्छन् ।

1. Seperation
2. Intermediate Stage
3. Assimilation

र Gennep को परिभाषा अनुसार "धेरै अवस्थाहरु मध्ये मृत्यु एउटा अवस्था हो जुन समयमा व्यक्ति एक अवस्थाबाट अर्को अवस्थामा परिवर्तन हुन्छ । र यो प्रकृयालाई

औपचारीक, सार्वजनिक रुपमा मृत्युसंस्कारबाट प्रस्तुत गरिन्छ ।” र जेनिपको अनुसार “मृत्युसंस्कारमा मृतकलाई यस संसारबाट र मृतकका परिवारबाट छुट्याईन्छ र मृत्युसंस्कारको अन्तिममा मृतकलाई पितृहरुसंग मिलाईन्छ र मृतकका परिवारलाई समुदायमा पुनः प्रवेश गराईन्छ । यसरी सामाजिक व्यवस्थालाई सन्तुलित गराईन्छ ।” भनेर यसरी गोडीले Lodagaa समुदायको (case) बाट भेन जेनिपको सैद्धान्तिक अवधारणा (Rite De Passage) मार्फत मृत्युसंस्कारको सामाजिक कार्य (function) देखाएका छन् । Lodagaa समुदायको case study बाट गोडीले के निष्कर्ष निकालेका छन भने “मृत्युसंस्कार र पुनर्जन्म अवधारणाको कारण कुनै समुदायलाई सामाजिक नियन्त्रण र समुदायको आधारभूत मूल्यमान्यतालाई यथावत राख्न प्रकार्य गर्दछ ।”

Akbar S. Ahmed (1985) ले “Death In IslamM The Hwkes Bay Case” मा मृत्यु र सामाजिक व्यवस्थाको सम्बन्धलाई देखाएका छन । उनका अनुसार “मृत्युले कुनै पनि समुदायको वैचारिक अवस्थालाई प्रस्तुत गर्दछ ।” यो निष्कर्षलाई प्रस्तुत गर्नको लागि Ahmed ले सीया र सुन्नि मुस्लिम समुदायको उदाहरणलाई प्रस्तुत गरेका छन् । जसद्वारा उनले के देखाएका छन् भने “सीया मुस्लिम समुदायमा अल्हालाई आफूलाई अर्पण गर्नुलाई परम कर्तव्य व्यक्ति ठान्दछन भने सुन्नि समुदायमा स्वईच्छाले आफ्नो शरीर अर्पण गर्नुलाई आत्माहत्याको रुपमा हेर्दछन् । यसरी दुबै समुदायमा वैचारिक अवस्था फरक भेट्टाएका छन् । सुन्निसमुदमयमा आत्महत्या गर्न अल्हा अथवा कुरानको विरुद्धमा जानु भन्ने बुझिन्छ र सीयमा ठिक यसको विपरीत भेटिन्छ । यसकारण मृत्युलाई वैचारिक अवस्थासंग जोडेर सामाजिक सन्तुलनलाई कसरी वैचारिक अवस्थाले समाज सन्तुलन रहन मद्दत पुऱ्याउदछ ।” भन्ने कुरा प्रस्तुत गरेका छन् ।

काप्लान (वि.सं. १९७०),ले पूर्वी नेपालको ईलाम जिल्लाका लिम्बूहरु र बाहुनहरु बीचको अन्तर सम्बन्ध आर्थिक, राजनैतिक र सामाजिक विविधतालाई अध्ययन गरेका छन् । लिम्बू र बाहुन बीचको सम्बन्धलाई दुईवटा विपरीत प्रवृत्ति फूट र अन्तनिर्भरताले मिश्रीत गरेको छ । फूट व्यापक रुपमा वृद्धि भएको र भूमी माथिको विवादमा अभिव्यक्त भएको कुरालाई प्रस्ट्याउन खोजेका छन् । साथै अर्न्तनिभर्तामा आर्थिक र राजनीतिक सन्दर्भलाई लिएका छन् जसले बाहुन माथि लिम्बुहरुले अन्तर्निभर भएर रहनु परेको कुरा, र जुन कारणले लिम्बूहरुले

आफ्नो भूमि गुमाउनु परेको कुरा प्रष्ट हुन्छ । लिम्बूहरुको काजकिरियामा भैंसीको मासु भात र जाँड खुवाउने गर्छन् । उनका अनुसार धनी र गरिव लिम्बूहरुले काजकिरियामा फरक स्तरको खर्च गर्छन् । धनी लिम्बूहरुको काजकिरियामा ठुलै संख्यामा मान्छेहरु उपस्थित हुन्छन् र गरिव लिम्बूहरुको काजकिरियामा सानो संख्यामा मान्छेहरु उपस्थित हुने सम्भावना रहन्छ । लिम्बूहरुको वंश, संगठन, परिवार, भूमि माथिको महिलाको अधिकार र गैर किपटीय लिम्बूहरुको बारेमा पनि विस्तृत व्याख्या गरिएको छ ।

चेम्जोङ (वि.सं. २०६९), मा नेपालको किराँत समुदायको उत्पत्ति र विकासको कुरा गरेका छन् । जसमा किराँतीहरुको उत्पत्तिको प्रारम्भ तीन जातिको सम्मिश्रणबाट भएको हो । किराँत मुन्धुम वा परम्परा अनुसार ती तीन जाति साम्बोङवा वा खम्बो, ताङसाङथा वा मंगोल र मुनाफेन वा चिनीयाँ नामले परिचित छन् । यिनै साम्वोङवा वा खम्वोहरु यस हिमाली प्रदेशका प्रथम आप्रवासी थिए । ताङसाङथा वा मंगोल र मुनाफेन वा चिनियाँ जातिहरुपछि आएर खम्वोहरुसँग मिसिएर एउटा ठूलो जातिको निर्माण भयो । तिनीहरुले आ-आफ्नो इतिहास बनाउँदै जाँदा किराँत समुदायले उत्तर भारतमा हिमाञ्चल प्रदेशदेखि आसामसम्म र दक्षिणपूर्वी भारत मणिपुरदेखि चटागाउँसम्म ओगटे । र आफ्नो सँस्कार सँस्कृति पनि बसोबाससँगसँगै निर्माण र विकास गर्दै आएका हुन् भन्ने कुरा उल्लेख गरेका छन् । उनका अनुसार लिम्बूहरुको जन्मदेखि मृत्युसम्मको कर्मकान्ड संस्कारहरु मुन्धुममा लिखित रुपमा पाइन्छ । लिम्बूहरुको मृत्युमा अन्त्येष्टि क्रियामा उपस्थित सबै सुभेच्छुकहरुले माटो, खरानीद्वारा ईश्वरले तिम्रो शरीर निर्माण गरेका थिए, आजसम्म यो संसारमा भोग गऱ्यौ आज पूनः तिम्रो शरीर माटोमा मिल्दैछ, तिम्रो मृतआत्माले शान्ति पाओस् भन्दै श्रद्धान्जली माटो दिनु पर्दछ । माटो ढुङ्गाले खाडल पुरेपछि पुरुष भए चारतला र स्त्री भए तीनतलाको ढुङ्गाले गारो उठाउनु पर्दछ । यदि मृतक सम्मानित व्यक्ति भएमा अरु सम्मानार्थ उसको स्मृति स्तम्भ आठ वा नौ तला उच्च उठाउनु पर्द ।

बिष्ट (वि.सं. २०२९), ले नेपालका विभिन्न जाति वा जनजातिहरुको अध्ययन गर्ने क्रममा लिम्बूजातिको पनि अध्ययन गरेका छन् । जसमा उनले लिम्बूजातिको उत्पत्तिको इतिहास, बसाँइसराइ, बसोबास संस्कृति र संस्कार मा समसामयिक परिवर्तनको बारेमा उल्लेख गरेका छन् । उनका अनुसार लिम्बूहरुले मरेको मानिसलाई चिहान घारीमा लगि चिहान

खनेर गाड्छन् र मूर्दालाई पुरि सकेपछि छोरा भए जम्मा चार र छोरी भए तीन खुड्किलो को ढुङ्गे चौतारो जस्तो स्मारक बनाउने चलन छ । मानिस मर्दा नजिकको दाजुभाईले सात दिन जुठो बार्नु पर्छ । साना केटाकेटी को मृत्यु भएमा छोराको भए चारदिन र छोरीको भए तीन दिन जुठो बारे पुग्छ । जुठो सिद्धिसकेपछि मर्नेको नाममा मूल बाटोमा ढुङ्गाको चौतारो बनाई दिने गर्दछन । अकालले मरेको छ भने त्यसको आत्मा सोझै स्वर्ग जान नसकि प्रेत वायु (बाँदर वा चिल) भएर वरिपरि घुमि आफ्नो इस्ट मित्रलाई दुःख कस्ट दिइ रहन्छ भन्ने विश्वास छ । यसका लागि बाँदर देबी र चील देबी भनेर रुखमाथि वा भीरमा थान बनाई राखिदिएर सँधै खानेकुरा दिइ पुजागरेर वायुलाई सन्तुष्ट बनाई आफ्ना सन्तानलाई दुःख दिने गर्दैनन् । उक्त विश्वासलाई लिएर लिम्बूहरु आफू बाँचेसम्म राम्रो हुन्छ र मरेपछि पनि असल गतिमा जान सजिलो पार्छ भन्ने विश्वास गर्दछन ।

लाओती (वि.सं. २०६२), ले लिम्बूजातिको सामान्य परिचय साथै परम्परागत रुपमा लिम्बूहरु ले मनाउँदै आएको चाडपर्व, बाजा, धाननाच, हाक्पारे, मौलिक खानपान, भेषभूषा, पेशा आदि साथै संस्कार विधिको बारेमा विस्तृत रुपमा उल्लेख गरेको पाइन्छ । उनका अनुसार लिम्बूहरुको जीवन संस्कार, रितीथिती र सामाजीक व्यवहार सम्बन्धी चित्रण मुन्धुममा आधारित हुन्छ । लिम्बूहरु ईश्वर तागेरा निङ्वाफुमाङ र उनका अनेक अवतार चरित्रका नामबाट स्थापित चाडपर्वहरु मनाउँदछन् । साथै वर्तमान प्रचलित विभिन्न चाडपर्वहरुमा ‘तङसुम तङनाम’, तथा ‘वलिहाङ तङनाम’, आदिको राम्रो विस्तार पूर्वक चित्रण प्रस्तुत गरेका छन् । उनका अनुसार मृत्युसंस्कारको शुद्धाई (खाउःमा) गर्दा लिम्बूजातिहरुले दुई प्रकारले गर्दछन । तीनलाई साम्सामा र साम्दाखोङ्ग निकालेर शुद्धाई गर्ने तरिका भनिन्छ । मृत्युसंस्कार विधिमा फेदाङमाको अहम् भूमिका हुन्छ ।

श्रेष्ठ (वि.सं. २०६२), ले समग्रमा किराँत जातिको इतिहास उनिहरुको ऐतिहासिक पृष्ठभूमी दश लिम्बूवानका दश लिम्बूहरु, लिम्बूवान तर्फ एकिकरणको अभियान, किपट प्रथा र लिम्बूहरुको जनजीवन र संस्कृतिको विषयमा विस्तृत रुपमा अध्ययन गरेका छन् । लिम्बू समाज पितृसत्तात्मक समाज हो र वंश परम्परा बावुकै नामबाट सर्दै हस्तान्तरीत हुँदै जान्छ । लिम्बूहरुमा संयुक्त र एकलगामी दुबै परिवार पाइन्छन् । बावु नै परिवारको मुख्य व्यक्ति हुन्छ र उसले परिवारको कुरामा निर्णय गर्छ । तर लिम्बू समाजमा नारीको स्थान

ठूलो रहेको छ पूरुष समान बराबर दिइएको छ । साथै लिम्बूहरुको धर्म भाषा लिपी र विभिन्न सामाजिक संस्कारदेखि लिएर धाननाच र च्याब्रुङ नाचको विषयमा पनि राम्ररी अध्ययन गरिएको छ । यसले लिम्बूहरुको बारेमा बृहत जानकारी दिन्छ ।

चोङवाङ (वि.सं. २०६८), ले लिम्बूहरुको मुन्धुमको बारेमा विस्तृत रुपमा व्याख्या गरेका छन् । लिम्बूहरु जन्मदेखि मृत्युसम्म नै मुन्धुम अनुसार आफ्नो संस्कार संस्कृतिलाई निरन्तरता दिइरहेका छन् । उनका अनुसार यस धर्तीमा रहेका सम्पूर्ण जीवन र जगत यीनै ङा मुक्साम (पंचतत्व महाशक्ती) को मिश्रीत तत्वबाट संरचित भएको छ । लिम्बूहरुले पंचशक्ति अर्थात ङा मुक्साम प्रति आघात विश्वास आस्था राखेका छन् । उनीहरु स्वत प्रकृतिलाई पुज्ने गर्दछन् फोटो र मूर्तीलाई होइन । अन्न पाक्दा (चासोक तङनाम) माघे संक्रान्ति, साउने संक्रान्ति, कोख पुजा गर्दा प्रकृतिमा रहेका विशेष घाम, जुन वा आगो ताप प्रकाश ढुङ्गा, माटो, हावा पानि र ध्वनीहरुको शक्ति समिश्रणबाट उत्पन्न शक्तिहरु नै ङा मुक्साम हो । त्यसैले लिम्बूहरुको हरेक संस्कारमा फेदाङमा, येवा, साम्वा अंशीहरुको छुट्टाछुट्टै भूमिका रहेको हुन्छ । उनीहरु मुन्धुममा मिजुम पोगिरो मिराक पेगिरो भनेर सुरु गर्दछन् । जसको अर्थ अग्नि, ज्वालासंगै उठ्दछ र सृष्टि मुन्धुममा उठान गर्दछन् अनि अगाडि बढ्दछन् ।

सुब्बा (सन् १९९५), का अनुसार मृत्यु एउटा सामाजिक प्रकृया हो जुन प्रकृयामा मृतकको आत्मा उसको पूर्खासम्म पुग्ने र जीवीत समुदाय, परिवार र नातेदारसँग अलग हुने प्रकृया हो । उनका अनुसार लिम्बूहरु मा कुनै व्यक्ति काल गतिले मरेको छ भने निम्न कार्य सम्पन्न गर्ने गर्दछन । जस्तै 'चेसामा' मृतकलाई घरदेखि चिहानघारीसम्म पुऱ्याउने, 'खाम इङमा' चिहानको लागि फेदाङमाद्वारा माटो किन्ने, चिहान खनिसकेपछि मृतकलाई चिहानमा हालिसकेपछि सातो निकालिन्छ जसलाई 'सामलप्मा' भनिन्छ । त्यस्तै मृतकको सातोलाई पूर्खाहरुसंग पुऱ्याउनुलाई 'सामसामा' भनिन्छ । अर्को कार्य नुनतेल हुन्छ जसलाई 'युम चामा' भनिन्छ । त्यस्तै अर्को 'खाःउमा' गरिन्छ जसलाई शुद्धाई कार्य पनि भनिन्छ र अन्तिम कार्य 'मिक्वासाङमा' गरिन्छ, यसले दुःखबाट मुक्त हुनु, मृतकलाई विस्तारै बिर्सिदिनु र ईष्टमित्र दाजुभाईलाई जुठोबाट मुक्त बनाईनु भन्ने हुन्छ ।

रेग्मी (सन् १९७७), का अनुसार पल्लो किराँतको उर्वर किपट भूमीलाई द्रुतगतिमा राज्यको नियन्त्रणमा ल्याउन नेपाल सरकारले व्यापक रुपमा गैह्र लिम्बूहरुको बसाँइ सराई र बस्ती विस्तार गर्न मद्दत गऱ्यो । गोर्खाद्वारा पराजित लिम्बूहरु भारी सङ्ख्यामा भारततिर विस्थापित भएपछि उनीहरुको खाली भएको किपट जमिन गैह्र लिम्बूहरुलाई विर्ता स्वरुप बाँडियो । नेपाल सरकारले लिम्बूहरुको नेतृत्वमा रहेको भू-स्वामित्वको अधिकारलाई खतम गर्न गैह्रलिम्बूहरुलाई पल्लो किराँततिर बसाँई सर्नका लागि प्रोत्साहित गर्ने निति समेत अख्तियार गऱ्यो ।

मावुहाङ (वि.सं. २०६९), का अनुसार याक्थुङ्वा लिम्बूहरुले प्राकृतिक विपत्तिबाट बच्न मुन्धुम मार्फत आफ्ना पितृसँग पुकार गर्छन् । गाउँ घरमा कुनै घटना घट्यो की मुन्धुम भयो भयो भन्ने गरिन्छ । कुनै काम गरियो की मुन्धुम बनाइयो भन्ने चलन छ । कुनै काम गर्दा केहि कुरा नपुग्दा मुन्धुम पुगेन भन्ने गरिन्छ । केहि कुरा नबुभ्दा मुन्धुम केहो भनेर प्रश्न गरिन्छ । यसरी बुभ्दा मुन्धुम कुनै कार्य वा घटना हो भन्ने बुभ्न सकिएला । मुन्धुमसँग जोडिएर साम्जिक र हाबेक जस्ता शब्द आउँछन् । साम्जिक भन्नाले आध्यात्मिक र हाबेक भन्नाले मौखिक भन्ने अर्थ लाग्न जान्छ । मुन्धुमको शाब्दिक अर्थ हामीले जसरी बुझे पनि हिजो लिम्बूका पूर्खाहरुले जिउने क्रममा प्रकृतिसँग जुभ्दा जे, जे गरे, भोगे ती घटना र कल्पनाहरु नै अन्तत एकमुष्ट आध्यात्मिक र भौतिक (व्यवहारिक) संस्कार र संस्कृति बने । जसलाई मुन्धुम भनियो र त्यो मुन्धुमलाई लिम्बूका तुम्याङहाङ, फेदङमा, साम्बा र येवाहरुले मौखिक रुपमा कण्ठस्थ गराउँदै आए र व्यवहारमा उतार्दै ल्याए । त्यसैले लिम्बूहरुले जन्मदेखि मृत्यु पर्यन्त गर्नुपर्ने संस्कारहरु नै मुन्धुम हो । यहि मुन्धुम भित्र लिम्बूसमाज आज सम्म बाँधिएको छ ।

थेवे (वि.सं. २०६९), ले लिम्बूहरुको मुन्धुममा तुम्याङहाङको चर्चा, तुम्याङहाङको संस्कारिक कार्य, तुम्याङहाङको न्यायिक कार्यहरु साथै साम्योक लुङथिम, चोक्फुङ शसिक लाप्मा, मे?लुङ फुःसिङमा, काईसोधोक, खोसा चिलिनारा फोङमा, लवा याङ फोःङमा, लावा कुम्मा, लुङलेप्मा, नाजोङ, खेम्जोङ र थाङसिङमाका बारेमा महत्वपूर्ण जानकारी दिएका छन् । उनका अनुसार तेल्लारा लभियङनाका छोराहरुले मृत आमाको शीरलाई पानीमा, रुखमा,

ओडारमा कतै लुकाउन पाएनन् । अन्तत उनीहरुले लावोङवा खाम्वोङवा पितृहरुको मान मनितो पुऱ्याउनु पर्ने भयो र मृत्युसंस्कारको सुरुवात भयो ।

मेन्याङवो (वि.सं. २०६१), ले लिम्बू समुदायमा मृत्यु भएपछि मृतशरिर दफन गर्ने, मृतकका सातोहरु पितृलोक पुऱ्याउने, मृतकका आफन्तजनहरुमा नुनतेल माग्ने, शुद्धी हुने, मृतकको वियोगमा आफन्तजनहरुले खसालेका आसुहरु पखाल्ने र दुधे बालकको मृतसंस्कार सम्पन्न गर्ने सम्पूर्ण कार्यहरु मुन्धुमसँगै वर्णन गरेका छन् । मृत्युसंस्कारमा आवश्यक सम्पूर्ण मुन्धुमहरु लिम्बूभाषाका साथै यसलाई उल्था गरेर नेपाली भाषामा पनि प्रस्तुत गरेका छन् । यसले लिम्बू भाषा नबुझ्ने हरुको लागि बुझ्न सहयोग गर्नेछ । साथै लिम्बू मृतसंस्कारमा मुन्धुमी ज्ञान प्राप्त गर्नको लागि सहयोग गर्नेछ ।

यी विभिन्न लेखहरु द्वारा व्याख्या गरिएको परम्परागत मृत्युसंस्कार भन्दा अहिलेको मृत्युसंस्कारमा विस्तारै परिवर्तन आइरहेको छ । समयको अन्तरालसंगै शिक्षा, पेशा, व्यवसाय, आदिका कारणले मान्छेहरु एक ठाउँबाट अर्को ठाउँमा बसाइँ सर्नु पर्ने बाध्यता जस्ता कारणहरुले लिम्बूहरुको मृत्युसंस्कारमा पतिवर्तन आइरहेको छ ।

# अध्याय–तीन

# अनुसन्धान पद्धति

## १. अध्ययनको क्षेत्र छनौट

यस अध्ययनको अनुशन्धानको लागि तेह्रथुम, खाम्लालुङ्ग, लिङदेनका लिम्बूहरुलाई लिइयो । त्यहाँका लिम्बूहरु परापूर्वकाल देखि बसोवास गर्दै आएको हुनाले उनीहरुको संस्कार सम्बन्धि तथ्यहरु ल्याउन सजिलो हुने भएकोले गर्दा यस क्षेत्र छनौट गरियो । यसका निम्न कारणहरु छन् ।

क) तेह्रथुम लिम्बूहरुको पुरानो स्थान भएकोले यसलाई लिम्बूवान क्षेत्रमा परिचित स्थानको लिम्बू मृत्युसंस्कार र त्यसको परिवर्तित स्वरुपप्रति कति मानिसहरु सचेत छन् भन्ने बारेमा जान्ने प्रयास गरियो ।

ख) केहि मिश्रीत समाज (बसाइँ सरेर आएका) र अन्य जातिहरुसंगको सम्बन्ध र वैदेशिक रोजगार, शिक्षा जस्ता कारणले गर्दा उनिहरुको परम्परागत मूल्यमान्यतामा आएको परिवर्तनसंग कतिको सचेत छन् भनेर बुझ्ने प्रयास गरियो ।

## २. अनुसन्धानको ढाँचा

प्रस्तुत शोधपत्रमा वर्णनात्मक र अन्वेषणात्मक अनुसन्धान विधिको प्रयोग गरिएको थियो ।

**क) वर्णनात्मक अनुसन्धान ढाँचाः** यस विधिद्वारा लिम्बुहरुको सामाजिक अवस्था र मृत्यु संस्कारको बारेमा वर्णन गरिएको छ ।

**ख) अन्वेषणात्मक विधिः** यो विधिद्वारा लिम्बूहरुको मृत्युसंस्कारमा परिवर्तन आउनका कारण र त्यसका कारक तत्वहरुको बारे वर्णन गरिएको छ ।

## ३. तथ्याङ्कको स्रोत

**क) प्राथमिक स्रोतः** अवलोकन पद्धति, प्रमुख जानकार व्यक्तिहरुसंगको अन्तवार्ता, समूह केन्द्रीत छलफलद्वारा सूचना संकलन गरिएको थियो ।

**ख) द्धितीय स्रोतः** लिम्बूजाति र मृत्युसंस्कार सम्बन्धि विभिन्न लेख, रचना, पुस्तक, शोधपत्रहरु र गा.वि.स.बाट प्राप्त तथ्याङ्क गणनाबाट आवश्यक सूचना प्राप्त गरिएको थियो ।

## ४. तथ्याङ्क संकलन प्रक्रिया

### क) अवलोकन

यस विधिद्वारा खाम्लालुङ गा.वि.स.मा मृत्युपश्चात दाहसंस्कार गरिने विधि अवलोकन गरिएको थियो । साथै अन्य मृत्युसंस्कारका केहि तस्विरहरु पनि अवलोकन गरियो ।

### ख) अन्तरवार्ता

तथ्याङ्क संकलनको क्रममा आफूले तयार पारेको चेकलिष्टको आधारमा प्रश्न सोधि अध्ययनको निम्ति चाहिने तथ्याङ्क संकलन गरिएको थियो । यो अनुसन्धानमा मृत्यसंस्कार गराउने फेदाङमा, तुम्याङहाङ र मृत्युसंस्कारको वारेमाजानकार व्यक्तिहरु गरि २५ जनासँग समूहगत छलफल गरिएको थियो । लिम्बू समुदायमा कसरी मृत्युसंस्कार गर्दा रहेछन्, कालगतिले मृत्यु भएकाको लागि कसरी मृत्युसंस्कार गरिन्छ र अकाल मृत्युभएकाको लागि के के गरिन्छ । पहिला कस्तो गरिन्थ्यो र अहिले कस्तो गरिन्छ आदिको बारेमा तथ्याङक लिइएको थियो ।

### ग) समूह केन्द्रीत छलफल

मुख्यत यो अध्ययन गुणात्मक तथ्याङकको प्राप्तिसँग नजिक भएकाले चेकलिष्टको आधारमा समूह समूहमा सूचनादाताहरुसँगको छलफल, अन्तर्क्रिया विधिबाट सूचना प्राप्त गरिएको थियो । समूह केन्द्रीत छलफललाई मूख्य तथ्याङक संकलन प्रविधिको रुपमा अपनाइएको हुनाले चेकलिष्टको आधारमा अध्ययन क्षेत्रमा ६ जनाको समूह बनाई ४ वटा समूह केन्द्रीत छलफल गरि तथ्याङक संकलन गरिएको थियो । छलफलमा सहभागीहरु २५ देखि ८५ वर्ष उमेरका थिए । यसमा मृत्युसंस्कारका बारेमा जानकार व्यक्तिहरु साथै मृत्युसंस्कार गराउने

फेदाङमा, तुम्याङहाङ, बृद्ध महिला, बृद्ध र युवा पूरुषहरु सहित प्रत्येक समूहमा अध्ययनको विषय वस्तु माथि ६, ७ घण्टा छलफल गरी तथ्याङक संकलन गरिएको थियो ।

## ५. तथ्याङ्क विश्लेषण

यस अध्ययनको सिलसिलामा संकलित सम्पूर्ण तथ्याङ्कहरुलाई गुणात्मक तरिकाले विश्लेषण गरिएको छ । यसै गरी गुणात्मक तथ्याङकलाई विषयवस्तुको आधारमा वर्गीकरण गरिएको छ । सोही अनुरुप तिनलाई तर्कपूर्ण विश्लेषण गरि सामान्यीकरण गरिएको छ ।

# अध्याय–४

# अध्ययन क्षेत्र र लिम्बूहरुको सामान्य परिचय

यस अध्ययनलाई दुई भागमा विभाजित गरिएको छ । पहिलो भागमा अध्ययनको क्षेत्र र लिम्बू जातिको सामान्य परिचय, संस्कारहरु र दोस्रो भागमा लिम्बूहरुको मृत्युसंस्कार र त्यसका आएको परिवर्तनको बारेमा व्याख्या गरिएको छ ।

## १. अध्ययनको क्षेत्र

यस सोध अनुसन्धानको सिलसिलामा अध्ययन क्षेत्रको भ्रमण अवलोकनबाट के पाईयो भने पूर्वी नेपालको लिम्बूवान क्षेत्रको तेह्रथुम जिल्ला कोशी अञ्चलको पहाडि जिल्ला हो । यस जिल्लालाई नेपालको ताप्लेजुङ, पान्थर, धनकुटा र संखुवासभा जिल्लाहरुले पूर्व पश्चिम उत्तर दक्षिण चारै तर्फ घेरिएको छ । यस जिल्लाको ३२ वटा गा.वि.स. मध्ये खाम्लालुङ पनि एक हो । पहाडि भू-भागमा अवस्थित भएकाले नेपालका अन्य पहाडी ईलाका जस्तै यसको भू-बनोट छ । यस गा.वि.स.को उत्तरपूर्व पट्टि ताप्लेजुङ जिल्लासँग सिमाना जोडिएको छ । यस गाउँमा जलाधारको राम्रो व्यवस्था भएको छ । यस गा.वि.स.को ९ वटै वडामा साना जलविद्युतद्वारा विजुली बत्ती बालिएको छ । भौगोलिक रुपमा पाहाडि तथा प्रसस्तै पानीको स्रोत भएकोले गर्दा यस गा.वि.स.को माथिल्लो भेगमा अलैंची, अम्लिसो, आलु, मकै, जौं, फल्दछ भने धान, कोदो अलिअलि मात्रै फल्दछ । तल्लो भेगमा धान, मकै, गौं, कोदो आदि प्रसस्तै फल्दछ । यहाँका मान्छेहरुको मूख्य आयस्रोत भनेको खेतीपाति नै हो । यसको अलावा धेरै जसो घरमा मलाया र ईन्डियाको पेन्सनवालाहरु छन् । साथै वैदेशिक रोजगार मा धेरैजसो खाँडीमूलुक गएका युवाहरु पनि प्रत्येक जसो घरमा पाईन्छ । स्वदेशी रोजगारी भने कम मात्रै छन् ।

## २. लिम्बूहरुको सामान्य परिचय

नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक राष्ट्र हो । त्यही विविधता नै नेपालको विशिष्ट पहिचान हो । यहाँ बसोवास गर्ने सम्पूर्ण जातिहरुले आ-आफ्नो किसिमको

इतिहास, सभ्यता र संस्कृतिको विकास गरी श्रद्धा विश्वासका साथ अंगालेका छन् । जातिय पहिचान गराउने श्रोतहरु पनि यिनै हुन । नेपालमा बसोबास गर्दै आएका आदिवासी जनजातिहरु मध्ये ५९ जाति छन् जसमध्ये लिम्बू पनि एक हो । अहिलेको लिम्बूहरुलाई किराँत भनेर चिनिन्थ्यो र अहिलेको लिम्बूवान (क्षेत्रलाई) पल्लो किराँत भनेर चिनिन्थ्यो । यो जातिले आजसम्म आफ्ना परम्परागत मूल्यमान्यतालाई आत्मसाथ गरिरहेका छन् । लिम्बूहरुको आस्था, संस्कार र संस्कृति 'मुन्धुम' मार्फत निर्देशित छ । मुन्धुम लिम्बूहरुको अलिखित इतिहास हो । वि.सं. २०५८ को जनगणनादेखि लिम्बूहरुले किराँत धर्म लेख्दै आएका छन् । वि.सं. २०६८ को जनगणना अनुसार नेपालको कूल जनसंख्या २,६४,९४,५०४ जना रहेको छ, जसमध्ये लिम्बूहरुको कूल जनसंख्या ३,६८,३०० जना रहेको छ । अर्थात् कूल जनसंख्याको १.४६ प्रतिशत लिम्बूहरुको संख्या रहेको छ, (केन्द्रिय तथ्यांक विभाग २०६८) । उक्त जनगणना अनुसार नेपालमा ३,४८,६०३ जना अर्थात ९४.६५ प्रतिशतले मात्रै लिम्बूभाषा बोल्दछन् । लिम्बूहरुले आफ्नो भाषालाई 'याक्थुङ्वा पान' भन्दछन् ।

लिम्बूहरु पूर्वी नेपाल को पहाडि भू-भागमा बसोवास गर्ने पुरानो आदिवासी हुन् । ऊनीहरुको मुख्य बसोवास रहेको स्थानहरुमा ताप्लेजुङ्ग, पान्थर, धनकुटा, तेह्रथुम, संखुवासभा, र ईलाम हुन् । भने हाल आएर झापा, मोरङ्ग, सुनसरीलाई पनि लिम्बू सम्बद्ध राजनीतिक दल तथा संस्थाहरुले लिम्बूवान क्षेत्र घोषित गरिएको छ । लिम्बूहरु आफूलाई सुसुवा लिलिम याक्थुङहाङका सन्तान 'याक्थुङवा' भन्दछन् । अन्य जातिहरुले उनिहरुलाई सम्बोधन गर्दा लिम्बू भन्दछन् । लिम्बू भाषामा 'लि' को अर्थ 'धनु' र 'आम्ब' को अर्थ धनुधारि वा धनुधारण गर्नेलाई लिम्बू भनिन्छ । प्राचीन कालमा आठ किराँती राजाहरुको विरुद्ध दश सरदारहरुले धनुवाण 'लि' द्वारा युद्ध जीती शासन व्यवस्था कायम गरे अर्थात प्राचिन कालमा धनुको माध्यमबाट युद्ध परास्त गरेर राज्य स्थापना गर्नेलाई नै लिम्बू भनियो (चेम्जोङ, २०६९) ।

लिम्बूथरहरु जम्मा ३०० देखि ५०० थरहरुसम्म हुन्छन् तर समाजमा वर्ग विभाजन अर्थात जात प्रथा पाईदैन । लिम्बूहरु सामूहिक बसोवास गर्न रुचाउछन् । यसैले नै यिनीहरुले आफ्नो धर्म संस्कार र मुन्धुमलाई पालना गर्दै आएका छन ।

## ३. धर्म

प्राकृतिका पूजक लिम्बूहरू तान्त्रिक विश्वास राख्दछन् । उनिहरुको मूल धार्मिक दर्शन मुन्धुम हो । लिम्बूहरु पूजाआजा गर्दा केराको पात, तितेपातिको धूप, मसिनो बाँसको लिङगो, ढुङगा आदि प्रयोग गर्दछन् । जन्मदेखी मृत्युसम्मका धार्मिक कार्य गराउने पुरोहितलाई उनीहरू फेदाङ्मा भन्दछन् । फेदाङ्मा बाहेक साम्वा, येवा र येमा हुन्छन् । जसले धार्मिक र तान्त्रिक नृत्य गराउँदछन् । येवा पुरुष पुरोहित र येमा स्त्री पुरोहित हो । लिम्बूहरू तागेरा निङ्वाफुमाङलाई सर्वव्यापी परमात्माको रुपमा सम्पूर्ण ब्रह्माण्डको सृष्टिकर्ताको रुपमा तथा आदि शक्तिको रुपमा मान्दछन् । युमा सामाङलाई पृथ्वीकी देवी मानेर लिम्बूहरू पूजा गर्दछन् । थवासामाङलाई दुङदुङगे बोको, कुखुरा, सुँगुर काटेर भोग दिन्छन । युमासामाङ र थवासामाङलाई पराक्रमका र युद्धका देवीदेवता मान्दछन् । 'ओक्वामा सामाङ' लिम्बूहरूका पाताल देवता हुन् । नयाँ घर बनाउदा तिनको पुजा गरे घरको रक्षा हुने विश्वास गर्दछन् र पूजा गर्दा घरको मूल थाममा सुँगुरको पाठा काटेर रगत चढाउने गर्दछन् । बालबच्चा विरामी भएमा, घाउखटिरा आएमा 'ताम्फुङ्ना' ले सताएको भन्ने विश्वास गर्दछन् । यस बाहेक घरदेवता, वन देवता, खोला देवता, बाँदर देवता, विरालो देवता, चिल देवता बाहेक नाग–नागिनी, सान्सारीमाई आदि मूख्य माङ हुन् । लिम्बूहरूमा रहेको मूख्य पूजाहरू निम्न छन्

### क) नाहेन साक्मा

लिम्बूसमाजमा नाहेन देवतालाई एक–एक वर्षमा घरको मूलढोका अगाडि आँगनमा बाँसको ठूलो लिङगो, सिदिङवाको काँडा र मुक्तो एकै ठाउँ बाँधी गाडेर कुखुराको रातो भाले बली चढाई टाउको र एउटा अण्डा उक्त बाँसमा उनेर राखि पूजा गर्दछन । यो पूजा रातिको समय पारेर फेदाङमाले गर्दछ । क्रोध, ईष्याको पूजा गरिनेलाई नाहेन साःक्मा भन्दछन् । उनी रिसाएमा परिवारमा रोग, व्याध र मृत्यु आउँछ भन्ने विश्वासले गरेर यो पूजा गर्दछन् ।

**ख) नाहाङ्मा**

आपद्विपद् र दुर्घटनाबाट सुरक्षित होस् भनि घरको थकपा ‘मूल पुरुष’ को नामबाट यो पूजा गर्ने गर्दछन् । यो पूजा गर्दा फेदाङमाले समस्या र दुर्घटनाबाट बच्ने हेतुले मुन्धुम पढ्दै धनुषले मार्ने चलन छ । यो पूजा गर्दा घरभित्र गर्दछन र रातोभाले बली चढाउँछन ।

**ग) ताम्फुङमा**

लिम्बूहरूको अत्यन्त शक्तिशाली र सम्पूर्ण साम्माङहरुसँग ईश्वरीय सम्बन्ध रहेको प्रकृति वा स्वयम धर्तीकी सुन्दरी ताम्फुङना ‘वनदेवी’ लाई मान्ने गर्दछन् । जसलाई लिम्बूहरु लाजेदाङमा पृथ्वीको मालिक्नी पनि भन्दछन् । उसलाई खुशी पार्न, दुर्भाग्य, रोगबाट बच्न कुखुराको भाले, पोथी, अण्डा, नछोपी पकाएको भात र चेवोङ चढाएर पूजा गर्दछन् ।

**घ) ओक्वानामा**

ओकवामा सामाङ्ग भन्नाले पातल देवलाई भनिन्छ । लिम्बूहरु यसलाई घरको महत्वपूर्ण ईश्वरको रुपमा लिने गर्दछन् । लिम्बूहरुमा घरको मूल खम्वाले सुरक्षा दिएर अन्य किरा, फट्याङग्रा, भयानक, जनावर, वज्र, पहिरो आदिबाट रक्षा गर्दछ भन्ने विश्वास गर्दछन् । त्यसैले गृह रक्षाको लागि ओकवामा पूजा गर्ने गर्दछन् । यो पूजा गर्दा सुँगुरको गला काटेर घरको मुल खम्बामा भोग दिएर रगत चढाउने गर्दछन् । फेदाङमाद्वारा दुई–तीन वर्षमा एकपटक गर्ने पूजा हो ।

**ङ) माङ्गेना**

माङगेना लिम्बूहरुको महत्वपूर्ण धार्मिक संस्कार हो । साधारण तया यो ६–६ महिनामा वर्षको २ पटक गर्ने गर्दछन् । लिम्बू समाजमा माइतीले चेलीको नाममा तिनको कल्याणको लागि पूजा लगाउछन् र त्यस्तै चेलीले पनि माइतीको नाममा उसको कल्याणको लागि पूजा लगाउँछे । यसलाई नै माङ्गेना भनिन्छ । यो पूजा गर्दा विहानको समय पारेर कोदोको पिठोको सिगोले, चामलको पिठोको रोटि र कुखुराको चल्लाहरु काटेर फेदाङमाद्वारा गर्दछन् ।

लिम्बूहरुमा गरिने अन्य पूजाहरु न्वागि पूजा, उँभौली, उँधौली, तङसिङ, पन्चेउली, दशाग्रह आदि हुन् ।

## ४. चाडपर्वहरु

### क) कःक्फेक्वा तङनाम (माघे संक्रान्ति)

यो चाड लिम्बूहरुले माघ महिनाको पहिलो दिन मनाउने गर्दछन् । लिम्बूहरु यसलाई कःक्फेक्वा तङनाम भन्दछन् । यस दिनमा प्रत्येक घरमा गिठा, तरुलभ्याकुर तथा सेलरोटिका साथै जाँड, रक्सी, मासुका परिकारहरु खाने गर्दछन् । गिठा, तरुलभ्याकुरले पिता पूर्खाहरुको जीवन पद्धतिको सम्फना गराउँदछ भन्ने मान्यता लिम्बूहरुमा रहँदै आएको छ । यो दिनमा लिम्बूहरु सबेरै उठेर नजिकको खोला, कुवा, धारा आदिमा नुहाईधुवाई गरेर मात्रै खानेकुराहरु खानुपर्छ भन्ने विश्वास राख्दछन् ।

### ख) यक्वा तङनाम (उँभौली चाड)

यो चाड माघ मसान्तदेखि बैशाख पूर्णिमासम्म मनाउने गर्दछन् । समयमै वर्षा होस्, लगाईएको बालि राम्रोगरी फलोस्, उर्वरभूमि होस् र प्राकृतिक प्रकोप तथा आपत्विपत् आईनपरोस् भन्ने कामना गर्दै लिम्बूहरु तागेरा निङवाफुमाङ (विश्व ब्रह्माण्ड) को पूजा गर्दछन् । यसै महिनादेखि नै लिम्बूहरु अन्न बाली लगाउन सुरु गर्दछन् । यो चाडभरी नै सबै नातागोता, छरछिमेकी भेलाभई सामूहिक पाठपूजा गर्ने रमाइलो गर्ने साथै भोजको व्यवस्था गर्ने गर्दछन् ।

### ग) सिसेक्वा तङ्नाम (श्रावण सक्रान्ति)

लिम्बूहरु सिसेक्वा तङनाम श्रावण महिनाको पहिलो दिन मनाउँदछन् । श्रावण महिनाको आगमनसँगै अन्नबाली पाक्ने समय भएकोले यो चाडलाई अनिकाल भगाएर सहकाल निम्त्याउने चाडको रुपमालिने गर्दछन् । कहिँकतै यसलाई लुतो भगाउने चाडको रुपमा पनि लिएको पाईन्छ । यस चाड मनाएको दिन लिम्बूहरु घरमा माछा मासु साथै मिठो परिकार बनाएर खाने गर्दछन् । भोलिपल्ट बिहानै घरघरमा तागेरा निङवाफुमाङ (सृष्टि देवता) को पूजा गर्दछन । घरको मूलढोकामा बावियोको डोरी बाटेर त्यसमा विभिन्न खालका पाकेका फलफूलहरु बाँधि माला बनाएर झुण्ड्याउने गर्दछन् । यसो गर्नुको अर्थ अनिकालरुपी

दैत्यलाई अब अन्न पाकिसक्यो भनेर प्रमाणित सावित गराउनु हो । यस दिनमा बन्दुक, ढेङग्रो, मुङग्रो, नाङलो ठोकाएर अनिकालरुपी दैत्यलाई खेदाउने गर्दछन ।

**घ) बलिहाङ तङनाम (तिहार चाड)**

लिम्बूहरुले बलिहाङ तङनाम कार्तिक शुक्ल पक्षको समयमा दुई दिनसम्म बलिराजाको सम्फनामा धुमधामकासाथ मनाउने गर्दछन् । पहिला दिन बलिराजाको सम्फनामा र आफ्ना दीर्घायुको लागि घरआँगन सफागरी बत्ति बाली प्रार्थना गर्दछन । दोस्रो दिन बत्ती बाली हर्षबढाई गर्ने र खुशीयाली मानि मिठामिठा पकवान खाने साथै खुवाउने पनि गर्दछन् । लिम्बू मुन्धुम अनुसार चेलीमाईतिले फूलसाटासाट गर्नु हुँदैन लगाएमा चोत्लुङ 'शिर' ढल्छ भन्ने मान्यता छ । त्यसैले लिम्बूहरुमा भाईटीका लगाउने चलन छैन । (लाओती २०६२)

**ङ) चासोक तङनाम (मंसिरे पूर्णिमा)**

यो चाडलाई लिम्बूहरु चाभिन् तङनाम पनि भन्ने गर्छन् । यो चाड मंसिरे पूर्णिमाको दिन सम्पन्न गर्दछन । लिम्बूहरुको जनविश्वास अनुसार पाकेका अन्नबालीहरु सबै भगवान् तागेरा निङवाफुमाङको देन हो । त्यसैले यसरी पाकेको अन्न नचढाई खाएमा दुःख बिमार हुने र आपत्विपत्हरु आइपर्ने हुन्छ । त्यस कारण पाकेको अन्नपात तथा फलफूलहरु तागेरा निङ्वाफुमाङलाई चढाएर पूजा गरेर मात्रै खानुपर्छ भन्ने विश्वास छ । फेदाङमाले विधि पुऱ्याएर पाकेका धान, कोदो सहित कुखुरालाई बलीचढाएर पूजा गर्दछ । त्यसपछि आफन्तहरुलाई खाना खुवाउने गर्दछन् ।

## ५. भेष–भुषा र गरगहना

लिम्बूहरुको भेषभुषामा पूरुषहरुले लगेत(दाउरा), सुम्बा(सुरुवाल), ताङसेप(टोपी), फई(पटुका), लगायत गलबन्दी, अस्कोट, जुत्ता आदि पर्दछ । विहेको बेला अथवा माङगेना तथा नाहाङमाको पूजा गर्दा लिम्बू पूरुषहरुले फेटा बाँध्ने र खुकुरी भिर्नु पर्छ । यसका साथै हाङचाङ तागावा, पागा, पाङफई आदि पनि लगाउने गर्दछ । यस्तो हाङचाङ चाहि विषेश परिस्थिती अथवा पूजाआजा वाहेक अन्य ठाउँमा बाहेक त्यति लगाएको देखिदैन । महिलाहरुको पोषाकमा खाँडी वा ढाकाको तीन फेरे फरिया, चोली, पथाङ, फई मुख्य पर्दछन् । मेखली पनि लगाउने गर्दछन् । गरगहनामा साम्याङफुङ, लावा, नेःसे, फुःङगी,

मुन्द्रि, खाम्ब्रम्बा, काङइच्छे, याङइच्छे, काओ, हुक्पाङगी, लाङपाङगी आदि मुख्य हुन् । पूरुषहरुले औंठी, कम्मरमा खुकुरी, शिरमा पागा, अस्कोटमा कोम, विनायो आदि लगाउने गर्दछन् ।

## ६. खानपीन

लिम्बूहरु खानामा अन्य जात जस्तै साधारण खान्छन् । यी जातिहरु विषेश गरि जाँड, रक्सी, माछा, मासुको प्रयोग चाडवाड, पूजाआजा, पाहुनापात आउँदा, सामाजिक संस्कारमा अधिक मात्रामा प्रयोग गर्दछन् । मासुमा सुँगुर, राँगा, भेडा, बाखा, हाँस, कुखुरा, परेवा आदि प्रयोग गर्दछन । जाँडमा कोदो, मकै, गहुँ, धान, जौं आदि प्रयोग गर्दछन् । सामान्य अरुवेला पनि दैनिक जीवनमा प्रयोग गर्दछन ।

## ७. घर बस्ती

लिम्बूहरु साधारण अरुजाति जस्तै आर्थिक स्तर अनुसार घर बनाएर बसेका हुन्छन् । यिनीहरु प्रायः आफ्नै समुदायसंगै बसोवास गर्न रुचाउँछन् । पहाडी क्षेत्रमा यिनीहरुको घर प्रायः ढुङगा र माटोले बनेको हुन्छ भने घरको छानो खर, जस्ता, भिङगटीले छाएको हुन्छ । घरको छानामा प्रायः त्रिशुलको चिन्ह बनाएर राखेका हुन्छन् । प्रत्येक घरको मूलढोका अगाडि बाँसको लिङगो गाडेर कुखुराको भालेको टाउको सहित चाम्जीङ, मुक्तो, सिदिङवाको काँडा बाँधेर राखेको हुन्छ । यो नाहेनसाक्मा पूजा गरेर ठड्याइएका हुन्छन् ।

## ८. पेशा

स्थलगत अध्ययन गर्दा खेरि खाम्लालुङ, लिङदेनका लिम्बूहरुको मूख्य पेशा कृषिमा आधारित भएको पाइयो । यहाँ मलिलो जमिन र कुलोको राम्रो व्यवस्था भएकोले तीन बाली लाग्ने भएकोले प्रायजसो धेरै परिवार कृषिमा लागेको पाइयो । त्यस्तै रोजगार पनि अर्को मूख्य पेशा भएको पाइयो । वैदेशिक रोजगारमा दुबई, मलेशिया, साउदी, भहराइन, कतार आदि मुलुकमा जानेहरुको संख्या अधिक मात्रामा पाइयो । त्यस्तै मलाया, ईन्डियाको पेन्सन पनि प्रायः जसो धेरै घरमा पाइयो । स्वदेशी रोजगारमा चाहिँ एकदम कम पाइयो । त्यसै गरि सहायक पेशाको रुपमा प्राय सबै जसो घरमा घरायसी उपभोग साथै बेचबिखनको लागि

पशुपालन गरेको पाइयो । महिलाहरु प्राय पैकार गरि जाँड रक्सी बनाएर बेचबिखन गरेको पाइयो ।

## ९. संस्कारहरु

संस्कार भन्नाले कुनै समाजले जन्मेदेखि मृत्युपर्यन्तसम्म गरिने विभिन्न रीतिरिवाजहरूलाई सामाजिक संस्कार भनिन्छ । लिम्बूहरुको संस्कारलाई निम्न भागमा विभाजन गरेर हेर्न सकिन्छ ।

### क) जन्म संस्कार

लिम्बूहरुमा शिशु गर्भमा रहेको बेला रक्षाको लागि साप्पोक चोमेन 'कोखपूजा' गर्दछन् । महिलामा गर्भ रहेको अवस्थादेखि नै दैनिक पूजा बाहेक अन्य देवीदेवताको पूजामा सहभागी हुनुहुँदैन भन्ने विश्वास रहँदै आएको छ । श्रीमान्/श्रीमती दुबै मारकाट झै-झगडाबाट अलग रहनु पर्दछ । कुनै पशु बाँधेको डोरी नाघ्नु हुदैन, डाँडाखोलाहरूलाई पार गरेर जाँदा गर्भवती महिलाले विशेष रुपमा क्षमा र आशिर्वाद माग्दै जानु पर्दछ । गर्भधारण गरेको महिला मलामी जानुहुँदैन, मृत लाशलाई हेर्नुहुदैन र गर्भवती महिलाको श्रीमान्ले मृतकको सामलप्मा (सातो निकाल्ने) काम गर्नु हुदैन भन्ने मान्यता छ । बच्चा जम्मिसकेपछि छोराको तीन र छोरीको चार दिनको दिनमा याङदाङ फोङमा 'न्वारान' गर्दछन् । शिशु पाँच महिना देखि छ महिनाको बीचमा चासेकचा 'अन्न प्रासन' र दश देखि बाह्र वर्षको बीचमा चाङवान लेअ्मा ' फेराउनी' जस्ता संस्कार गर्नुपर्छ । यी सबै पूजा गर्दा फेदाङमाद्वारा गर्दछन् ।

### ख) विवाह संस्कार

लिम्बूहरुको विवाह संस्कारको प्रकृया आफ्नै किसिमको छ । उनीहरु मागि विवाह, चोरी विवाह, प्रेम विवाह र जारि विवाह गर्दछन् । यसमध्ये सबैभन्दा प्रचलनमा आएको मागि विवाह हो । स्वजातिय विवाह उत्तम मानिने यस समाजमा वंश नाता आदिको कुरामा अत्यन्तै कडापूर्वक लागु हुन्छ । यिनीहरुमा फुपु चेला, मामा चेली अर्थात आमाको दुधमात्र बारेर आफ्नो नातामा विवाह गर्ने जस्ता चलनलाई ज्यादै निन्दनीय मान्दछन् । तर परिस्थिति आएमा भाउजु विवाह भने गर्न सक्छन् । संगोलमा कुटुम्व जोड्न नहुने, मावली पट्टि चार पुस्तासम्म कुटुम्ब जोड्न नहुने, मितेरी साइनोमा सात पुस्तासम्म कुटुम्ब जोड्न नहुने

परम्परा पाइन्छ । यदि कसैले हाडवंश साइनो मिची विवाह गरेमा आकाशबाट बज्र झरेर उनीहरूको सर्वनाश हुन्छ भन्ने कुरा मुन्धुममा लेखिएको छ ।

सामान्यतया लिम्बूहरु पूरा रित पुऱ्याएर मात्र विवाह गर्छन् । यस्ता रितहरु पुरागर्न धेरै खर्च गर्नुपर्छ । जुन रितहरु निम्न छन् जस्तैः साङचेप (केटी मगनी), कुम्मा थाक्ना ( सुनौली/रुपौली), सिम्बो सालामा लाक्लामा (बेहुली लिन जाने विधि), विवाह उत्सव, लगन चारकलम, दाईजो, सयमुन्द्री आदि । मागि विवाहमा यो रित सबै पूरागर्नु पर्छ । अन्यथा जारि विवाह चोरी विवाह आदिमा भने सबै पूरा गर्न आवश्यक छैन । तर आज भोलि केहि महत्वपूर्ण रितहरु बाहेक अन्य रितहरु पूरा गर्न अधिकांश लिम्बूहरुले छोड्दै गएका छन् ।

**ग) मृत्युसंस्कार**

लिम्बूसमुदायमा कुनै पनि सदस्यको रोगव्याधिले सताएर वा विनारोग मृत्यु भएमा त्यसलाई कालगतीले मृत्यु भएको भनिन्छ । कुनै जाति लडेर वा झुण्डीएर मरेमा त्यसलाई 'सोघा' भनिन्छ । सुत्केरी अवस्थामा वा सुत्केरी हुन नसकेर मृत्यु भयो भने त्यसलाई 'सुगुप' भनिन्छ । कुनै पनि बच्चा आमाको पेट भित्रै मरेर वा मृत बच्चा जन्मिएमा त्यसलाई 'ससिक' भनिन्छ । साधारण कालगतिले मृत्यु भएको छ भने बरखी १५ दिने, ४५ दिने, तीन मासे, ६ मासे, ९ मासे, बाह्रमासे आदि गरेको पाईन्छ । बरखीको दिनमा आवश्यक सामग्रीहरु तयारी गरि फेदाङमाले मृतात्मालाई अन्तिम बिदा दिन्छ र भेट नहुने तिन वाचा बाँधि दिन्छ । र बरखीको बेलुका "इसेम्मा तङ्सीङ्" राखिन्छ । जसले मृतआत्मा र जीवित आत्मालाई छुट्याउने काम गर्दछ । त्यसको भोलिपल्ट बिहान "मिक्वासाङ्गमा" गरिन्छ । यसरी लिम्बूहरुको मृत्युसंस्कार सम्पन्न गरिन्छ ।

# अध्याय–पाँच

# लिम्बूहरुको मृत्यु संस्कार

## १. मृत्युको सामान्य परिचय

शरीर र आत्माको विछोड नै मृत्यु हो । पृथ्वीमा हरेक प्राणी जन्मन्छ र उसको एक दिन निश्चित मृत्यु हुन्छ । कुनै पनि कुराको सुरु भएपछि अन्त्य हुनुपर्छ, यो प्रकृतिक नियम हो । जन्म र मृत्युलाई प्रकृति चक्र भनेर बुझ्नु पर्छ । त्यसैले मान्छे पनि जन्मेपछि एक न एक दिन मर्नु नै पर्छ । यो सास्वत सत्य हो । मृत्युलाई कसैले पनि जित्न सक्दैन । यसको एक मात्र उपाय नै स्वीकार गर्नु हो । त्यस्तै जीवन भोगाईको पक्षलाई एक पटक सबैले स्वीकार गर्नु पर्छ । त्यसैले जति नै रोइकराई गरे पनि जति ईश्वरसंग प्रार्थना परे पनि प्रकृतिलाई जित्न सकिँदैन । हामी यसै प्रकृतिबाट उदय भई यसैमा नै विलिन हुन्छौं ।

मृत्युसंस्कारका बारेमा कस्तो कथा सुन्नु भएको छ ? भन्ने प्रश्न मैले एकजना वृद्ध **फेदाङमा लाल बहादुर पाहिम** (**बर्ष ७६**) लाई सोधेको थिएँ उनका अनुसार ‘उहिले वनस्पतीले पूरै ढुङगा, माटो ढाक्न सकेको थिएन त्यही बेला पाजागेन तेन्धुम्याङ र ईवोक्वो इदियाङ्मा दुई जना माईती चेली थिए जब इदियाङमा तरुणी भइन् र थिगेङसो चोइत हाङवासँग विवाह गरिन । र उनीहरुको सिङमुचङ र लुङमुबङ (लघेःखेक्वा र मुदिकसिक्वा खेम्वा) नामको दुई जना छोराहरु जन्मिए । छोराहरु सिकारी थिए, पछि आमाको मृत्यु भयो । आमालाई कुनै पनि जन्तुहरुले नदेख्ने गरि सिफुक्कु मेनफुक्कु भन्ने ओडारमा पुऱ्याएर छोडेर आए पछि छोराहरुले खेतीपाती गर्ने क्रममा एकदिन आमालाई खेतमा काम गरिरहेको देखेपछि आमालाई पक्रन सफल भए । आमालाई यो अवस्थामा किन यस्तो काम गरिरहेको भनी सोधिखोजी गर्दा आमाले छोराहरुलाई भन्न थालिन् “म मरिसकेको छु, मलाई नसमाउ । मेरो मृत शरीरलाई जमिनमा लगेर विधि पुऱ्याएर दफन गर । विधि पुऱ्याएर मेरो मृतसामु ‘सातो’लाई पितृलोकमा लगेर जिम्मा लगाऊ र आफन्त जनहरुलाई बोलाएर नुन तेल माग र चोखिने कर्म गर । तिमीहरुले ‘नङसिङमा’ कपाल मुण्डनगरी मेरो वियोगमा आँशु झार्नेहरुको आँशु पखाल ।” त्यस पश्चात छोराहरुले उक्त कर्म गरेपछि यो मृत्युसंस्कार विधि सुरुवात भएको हो ।’

## २. लिम्बूहरुमा मृत्युसंस्कार

मानिसको मृत्यु हुनासाथ ऊ (मृतक) संगै रहेको वा ऊसलाई हेरी बसिरहेको मानिसहरुले उसको हातखुट्ट मिलाई दिने, सफा पानिले चोख्याउने, नयाँ र सफा लुगा लगाइदिने, निधारमा चाँदीको सिक्का लगाइदिनु पर्छ । त्यस निधारमा लगाउने चाँदीको सिक्कालाई 'चेतोङ मायाङ' भनिन्छ । मृतक महिला भए गरगहना लगाइदिनु सिङगारपटार गरिदिने चलन छ । यति गरिसकेपछि भुईंमा फल्याक ओछ्याएर केहि ओछ्याउने सहित राखेर सुताउने । मृतकलाई अन्यजाति र पशुपंक्षीले छुनु हुंदैन । वरिपरीका मान्छेलाई खबर गर्ने गरिन्छ । यति बीचमा दाजुभाई ईष्टमित्र सबै भेला भएका हुन्छन् । मृतक भएको घोषणा गर्न बिजोडी बन्दुक पड्काउनु पर्छ । सोही दिन दाहसंस्कार गर्ने हो भने त्यसको लागि आवश्यक सामान जुटाउने काम तिर लाग्दछन् ।

एकजना बृद्ध यसो भन्दछन् "परिवारमा कुनै सदस्यको मृत्यु भएमा पहिला पहिला समुदायमा, गाउँको अग्लो डाँडामा गएर फलाना मऱ्यो है..... भनेर सबैले सुन्ने गरि कराएर होहल्ला गरेर खबर गर्ने गरिन्थ्यो । त्यसपछि केही मान्छे भेला भएपछि बिजोडी बन्दुक पड्काएर मृतकलाई सलामी दिनुका साथै वारीपारीको मान्छेहरुलाई खबर गरिन्थ्यो र मृतक भएको घोषणा गरिन्थ्यो । टाढाको चेलीवेटी, मामामावली, कुटुम्बहरुलाई जति टाढा भएपनि, जति दिन लागे पनि काँचो धागोले बाँधेको चिठी सहित मान्छेहरु घरघर पठाएर जानकार वा खबर गरिन्थ्यो । आज भोलि आधुनिकिकरण र विश्वव्यापिकरणले गरेर सञ्चारको माध्यम फोन, रेडियो, टि.भी.बाट एकै मिनेट भित्रमा खबर गर्न सकिने भएको छ । यो सजिलो र छिटो माध्यम बनेको छ ।"

## ३. मृत्यु संस्कारका चरणहरुः

### मृतकलाई दाहसंस्कार गर्ने विधि

लिम्बूहरुमा कसैको कालगतिले मृत्यु भएको छ भने शवलाई जंगलमा वा डाँडामा लगेर दाहसंस्कार गर्दछन् । लिम्बूसमुदायको आफ्नै चिहानघारी हुन्छ त्यहि लगेर विधि पुऱ्याएर दाहसंस्कार गर्ने गर्दछन् ।

### क) चेधाप बनाउने विधि

लासलाई समाधि स्थलमा लानको लागि लास बोक्ने चेधाप अनिवार्य बनाउनु पर्ने हुन्छ । चेधाप बनाउनको लागि एउटा हरियो बाँस काटी बाँसको पात वा घाँसलाई खुर्किएर काटेकै ठाउँमा छोडेर बाँसमात्रै घरमा ल्याउनु पर्छ । बाँस घरमा ल्याएपछि मृतकको नाप अनुसार एक दुई फुट जस्तो बढी काटेर वरावरको दुई टुक्रा बनाउनु पर्छ । पूरुषको भए चार महिलाको भए तीन वटा बाँसको भाटा लास बराबरको बनाइ दुई टुक्रा लामो बाँसको बीचमा लासलाई अड्काउनको लागि बिजोडी चोयाले बाँध्नु पर्छ । त्यसपछि करिब दुई तीन फुटको वा आवश्यकता अनुसार बाँसको सानो सानो कप्टेरालाई खिपी पूरुष भए चार र महिला भए तीन वटा लाश बोक्ने चेधापमा उनेर कात्रो अड्काउनलाई बनाउनु पर्छ । उक्त बाँसको चेधापमा मृतकले बिमारी हुँदा प्रयोग गरेको ओछ्याउने चिज ओछ्याइदिनु पर्छ । चेधापको तयारी भएपछि चेधाप वरिपरी सेतो कपडा कात्रोलाई सानो सानो बाँसको बप्टेरोले बनाएको फासिन्जोकमा उनेर बेर्नु पर्छ । त्यस वरिपरी पुग्नेगरि विभिन्न प्रकारको फूलमाला उनेर लगाई दिनु पर्छ । साथै कागजको रुपैँयालाई धागोमा उनेर लास वरिपरी पुग्ने गरि लगाई दिनु पर्छ । चेधाप बोक्ने चेखाःनाम बनाउनु पर्छ । पूरुष भए चार महिला भए तीन वटा चोयालाई चित्रे बनावटमा चेखाःनाम बाट्नु पर्छ । र चेधापको दुई छेउमा बाँध्नु पर्छ । कात्रोको कपडाले लगभग एक फिटको आयातकार बनाई च्यात्नु पर्छ । त्यसपछि सानो सानो दुईवटा बाँसको कप्टेराहरु खिपी त्यसको टुप्पामा तिखो बनाउनु पर्छ । त्यसलाई कैँचे बनाई चोयाले बाँधि तिखारेको भागलाई माथि उठाएर च्यातेको कपडालाई चारै सुरमा उन्नु पर्छ । यसलाई नामथेःक्मा (घामछेक्ने) भनिन्छ । मृतकको अनुहारमा घाम नपरोस् भन्ने हेतुले यसलाई लासको शिरमाथि राखिन्छ । त्यसमा मृत आत्माले स्वर्ग चढ्ने सिँढी पूरुष भए ४ स्त्री भए ३ तलाको बनाई झुन्डाउनु पर्दछ । एकजना बृद्धको भनाई यस्तो थियो ‘बाँसको चेधापे वनाउने चलन पछि आएको हो, परम्परागत रुपमा लिम्बूहरुले ‘खोःङ’ काठको बाकस बनाएर लासलाई वोकेर लाने गर्दथे ।’

चेधाप बनाउने कार्य सम्पन्न भएपछि घरको मूल ढोकाको ठिक अगाडि पट्टि आँगनमा राख्नु पर्छ । मृतकलाई चेधापमा चढाउन अघि लासको शीर र पाउमा एक एक काँसको थाल साथै पुरुष भए खुकुरि र महिला भए खुर्पा राख्ने । लासलाई चेधापमा चढाई सकेपछि त्यहाँ

उपस्थित सम्पूर्ण मान्छेहरुले मृतकको छातिमा 'फुङवामा याङ' फुलपाति र रुपैँया पैसा इच्छा अनुसार चढाई मृतआत्माको चिरशान्तिको कामना गर्दै महिलाहरुले आफूले भिरेको मजेत्रो खोली र पूरुषहरुले शीरको टोपी खोली शीर झुकाई श्रद्धान्जली अर्पण गर्नुपर्छ । यसरी चढाईएको रुपैँया मृतकको आत्माको खर्च हो भन्ने चलन छ । चेधापको वरिपरी छोरीचेलीहरु मेरिङथक्मा गर्दै रुँदै बसिरहेका हुन्छन् । चेधाप घरबाट हिडाउन अगाडि चेवोन् (धानभुटिएको) केहि चानचुने पैसा सानो फुर्लुङमा हाल्ने र एकमाना चामल पकाएको भाँडा, जाँड लगाएको तोङवा, सेतो ध्वजा, अगुल्ठो मुठा पारि एउटा थोत्रे डोकोमा लगाउनु पर्छ । र एउटा खुकुरी वा तरवार तयार पार्नु पर्छ । केहि समयपछि लासलाई बन्दुक पड्काएर उठाउनु पर्छ । लाशको अगाडि एकजना पाको मान्छेले उक्त डोको बोक्नुपर्छ । हातमा खुकुरी वा तरवार बोकेर चेवोन छर्दै ई.....हु....... ई..... हु........ भन्दै हिड्नुपर्छ । त्यस पछाडी चेधाप बोक्ने मान्छे हुन्छन् । चेधापलाई मृतकका छोरा, छोरी, बुहारी, भतिजा, भाई आदिले बोक्नु पर्छ भन्ने मान्यता लिम्बूहरुमा रहँदै आएको छ । चेधाप देखि पछि पछि त्यहाँ उपस्थित चेसावाहरु हिँड्छन् । चिहानघारी नपुऱ्याइ कतै बीच बाटोमा बिसाउनु/राख्नु हुदैन, विसाएमा साम पोःमा गर्छ, भन्ने मान्यता लिम्बूहरुमा रहँदै आएको छ । चिहानघारी पुऱ्याएपछि सजिलो ठाउँ हेरी बिसाउनु पर्छ । चेधाप वरिपरी परिवारका सदस्य र चेलीवेटीहरु मेरिङथःक्मा गर्दै रुँदै बस्नेगर्दछन ।

**ख) माटोमाग्ने विधि**

चिहान खन्नको लागि मुन्धुम अनुसार फेदाङमा र तुम्याङहाङले मृतककालागी विधि पुऱ्याएर तामाको पैसा सहित यदि तामाको पैसा नभए तामाको टुक्रा भएपनि चाहिन्छ । त्यहाँको भूमिपुत्रहरु र तागेरा निङवाफुमाङसँग तामाको पैसा, 'सिदीङवा' अररीको काँडा र हर्कटोको पात सहित 'खामइङमा' माटो माग्नु वा किन्नु पर्दछ । अहिले यो तामाको पैसा नपाउने हुनाले र तामाको पैसाको सट्टामा सिक्का पैसाले भएपनि काम चलाउन सकिन्छ भन्ने विश्वास लिम्बूहरुमा रहँदै आएको छ । तामा वा कुनै सिक्का पैसासहित मुन्धुम पुऱ्याएर माटो किन्नु पर्दछ । माटो किन्ने विधि चिहान खन्ने ठाउँ हेरेर त्यहाँ खुकुरीले क्रश चिन्ह कोरी त्यसमाथि हर्कटोको पात र तामाको पैसा राखेर मुन्धुम फलाम्दै फेदाङमा वा तुम्याङहाङले विधिपूर्वक चारदाम हाल्ने वा माटो किन्ने कार्य गर्दछन् । मुन्धुम "छोड

है...ढुङगा माटोसंगै जन्मिएका ढुङगा माटोका सन्तानहरु, पृथ्वीकै जेष्ठ देवहरु, गोब्रेच्याउमा ओत लाग्नेहरु, बाख्राको बड्किलामा भारी बिसाउनेहरु.....उन्युको बोट बनचरोले काटी ढाल्नेहरु, खुर्सानीको बोटमा झटारो हान्नेहरु, आज यहाँ नेर यो मिति .....मा फलाना/फलानि......को मृत्यु भएकोले तिमीहरुसंग यो ताँवाको ढ्याक ज्याला दिँदै माटो किनेको छ । अब तिमीहरुले यो मृतकको माटो छैन भनेर हेला र कुदृष्टिले हेर्न/गर्न पाउने छैनौ है...। यदि तिमीहरुले यस्तो गरेमा यो साँक्षी तामाको ढ्याक उल्टिएर तिमीहरुलाई अपराध लाग्ने छ, अररिको काँडाले कोरेर रगताम्य बनाउने छ, हर्कटोको पात ले काटेर रगताम्य बनाउने छ ।" (मेन्याङवो, २०६१)

माटो किन्ने काम सकिएपछि मृतकको नाप अनुसार खाल्डो खन्ने, खाल्डो पाँच, छ फिट गहिरो खन्नु पर्छ । खाल्डो खनिसकेपछि चेःखोङ बनाउनको लागि चारपाटे आकारको चेप्टो ढुङगाको कुलोअ्लुङ (विछ्याउने ढुङगा), कुयेप्लुङ (ठाडोराख्ने ढुङगा), र कुतेप्लुङ (छोप्ने ढुङगा) तयारी पार्ने । त्यसमा काठको बाकस उक्त ढुङगाहरु भित्र मिलाएर राख्ने । काठको वाकस बनाउने चलन पछि आएको हो । चेःखोङ तयार भएपछि त्यहाँ कामगर्नेहरुको हात र खुट्टाको डोब वा छापहरु सबै मेटिनेगरि स्याउलीले पश्चिमतिरबाट पूर्वतिर बडार्दै चेखोङभित्र रहेको माटोलाई निकाली लासको  शीर र पाउमा पर्ने ठाउँमा खुकुरीले क्रशचिन्ह कोरी त्यो माथि हर्कटोको पात क्रश पारेर राख्नुपर्छ । लासलाई चिहानघारीमा पुऱ्याएपछि केहि समय सम्म राखेर आफन्तलाई पर्खनु पर्ने चलन लिम्बूहरुमा छ । त्यहाँ उपस्थित सम्पूर्णले 'फुङवाःमा याङ' फुलपाति र पैसा मृतकको छातिमा राखि सोहि रुपले श्रद्धान्जली अर्पण गर्नुपर्दछ । सबै आफन्त इष्टमित्रहरु आएपछि केहि समय भएपछि लासलाई बोकेर पूरुष भए चारफन्को महिला भए तीनफन्को चिहान वरिपरी घुमाउनु पर्दछ । त्यसरी लासलाई बोकेर घुमाउँदा परिवारका सम्पूर्ण सदस्यहरुले बोक्नु पर्छ भन्ने मान्यता लिम्बूहरुमा रहँदै आएको छ । लासलाई घुमाइसकेपछि एक छेउमा बिसाएर चेधापलाई खोली मृतकलाई चेःखोङ ( खाडलमा) लगाउनु पर्छ । विधि पुऱ्याएर सामलःमा गर्नुपर्छ । सामलःमा काम सकिएपछि कुतेप्लुङले छोपेर त्यहाँ उपस्थित सम्पूर्णले देब्रेहातले माटो दिनुपर्छ । त्यसपछि खाडल पुरेर महिलाको तीन र पूरुषको चारतला गारो उठाउनुपर्छ । बीचमा ठाडो चेप्टो आकारको ढुङगा 'सुत्लुङ' उठाई त्यसमा मृतकको नाम ठेगाना लेख्नुपर्छ । तर अहिले सिमेन्टको कपुस्थान

बनाउने चलन आएको छ । त्यसैमा मृतकको नाम, ठेगाना, जन्ममिति र मृत्युभएको मिति लेखेर राखिने चलन आएको छ ।

**ग) सामलःमा विधि**

मृतकलाई चेःखोडमा राखिसकेपछि फेदाङमाले वा फेदाङमाको निर्देशन अनुसार एकजना पूरुषले नाङगो खुकुरी हातमा लिएर मृतकले लगाएको कपडाको सीउनी–बन्धनहरु सबै उधारिदिने, गरगहना फुकालिदिने र सामलःमा (सातो निकाल्ने) गर्नुपर्छ । समलःमा गर्दा विधिपूर्वक मृतकको काखी, हातको मुठी, कानको छेउ खुट्टाको औंलाको चेपबाट खुकुरीले काटे झैँ, टिपे झैं गर्दै सातो निकाल्नु पर्छ । यसरी निकालिएको सातो मलामी आएका सबैभन्दा उमेरले बूढी महिलाले पछाडी पारेर लासको शीरमा राखेको काँसका थाल हात पछाडी लगेर थापी नहेरिकन कात्रोको टुक्राले पोको पारेर मृतकको घरमा मृतसाम 'मृतआत्मा' फकाएर लानुपर्छ भन्ने मान्यताले यसो गरेको हो । साथै मृतकले लगाएको गरगहना, चेसावाहरुले चढाएको पैसा सबै उक्त थालमा राखिन्छ । यसलाई सामदाखोङ भनिन्छ । साम्दाखोङलाई पशुपंक्षी, अजातहरुबाट टाढै राख्नु पर्छ । यसलाई भुईंमा राख्नु वा बिसाउनु हुँदैन । यसलाई शुद्धाईको दिन खाःउमा गर्दा विभिन्न खानेकुरा, फलफूल पेयपदार्थ राखेर मृतकलाई बिदा दिईन्छ ।

**घ) मलामी खाजा खुवाउने**

मृतकलाई दाहसंस्कार गर्ने काम सकिएपछि चेःसावा (मलामि)हरु त्यहाँ उपस्थित सम्पूर्ण मान्छेहरु किरियापुत्रीहरुलाई लिएर मृतकको घरतर्फ फर्कन्छन् । त्यस बखत किरियापुत्री पूरुषले टोपी लगाउँदैनन् महिलाले कपाल फुकाए र खालि खुट्टा हुन्छन् । बीचबाटोमा कुनै चौतारा, धारा, पाटिपौवामा परिवारहरुले खाजा खुवाउनको लागि जाँड, रक्सी, मकै, सातु जस्ता खानेकुरा राख्ने चलन थियो । अहिले मकैको सट्टामा चियाँ, चिउरा बन्दोबस्त मिलाएका हुन्छन् । दाहसंस्कारमा उपस्थित सम्पूर्ण मान्छेहरु खाजा खाने ठाउँमा जम्मा हुनु पर्छ । त्यस स्थानमा पुग्ने बेलामा बाटोमा बलिरहेको अगुल्ठो र सिदिङ्वा(अररीको काँडा) पनि राखिएको हुन्छ । प्रत्येक चेःसावाले त्यस आगोमा टेकेझैं गर्ने र फेदाङमाले तितेपातीको मुठालाई चोखो पानीमा चोबल्दै जीउमा छर्की सकेपछि अघि बढ्नुपर्छ । यस विधिलाई

तुक्लिङ्साक् (रोग नसरोस भनि छेकवार गर्ने विधि) भनिन्छ । मलामि खाजामा जाँड, रक्सी, चियाँ, चिउरा आदि राखिएको हुन्छ । यदि मृतक चुरोट खाने हो भने मृतकको नाममा चुरोट पनि बाँड्ने गर्छन् । खाजा खाइसकेपछि साम्दाखोङ सहित किरियापुत्रीलाई सम्पूर्ण उपस्थित चेसावाहरुले घरपुऱ्याउनु पर्दछ ।

## ४. साम्दाखोङ

साम भनेको लिम्बू भाषामा हंश भन्ने अर्थ लाग्छ । सामदाखोङ प्रथम त मृतशरीरलाई विधि पूर्वक खाडलमा लगाएर मृतकको काखी, हात, खुट्टा, नाक, कान, आँखा, मुखबाट विधि पुऱ्याएर सातो निकाल्नु पर्छ । सो निकालिएको साम साथै मृतकले लगाएको गरगहना, 'फुङवामा याङ' चेसावाहरुले फुङवामा गरेको पैसा गरी थालमा राखिन्छ । उक्त थाललाई मृत शरीर बेरेर लगेको कात्रोको एकटुक्रा च्यातेर त्यसैले पोको पारिएको हुन्छ । त्यसैलाई सादाखोङ् भनिन्छ । यसलाई एकजना पाको उमेरको महिलाले उत्तर तिर फर्की पछाडीबाट उक्त कपडा र थाल थाप्नु पर्छ र उनैले बोकेर बीच बाटोमा कतै नबिसाई, अन्यजाति पशुपंक्षीलाई नछोवाईकन घरको एक कुनामा चोखो गरि झुण्ड्याएर राख्नु पर्छ । त्यसैको ठिक मुनिपट्टी भुइँमा लिपपोत गरेर हुक्वा फिम्मा गर्ने स्थान बनाई त्यसैको छेउमा किरियापुत्रीहरु चोखोगरी सुकुल वा गुन्द्री ओछ्याएर महिलाहरुले कपाल फुकालेर पूरुषहरु टोपी खोलेर लगाएको कपडा उल्टो पारेर तीन/चार दिनसम्म मृत आमा वा बुबालाई सम्फेर चोखो खानेकुरा चढाउने गर्नु पर्दछ । यसका साथै दाजुभाईहरुले पनि मृतकको नाममा मिठो मसिनो खानेकुरा चोखो पकाएर जाँड रक्सी सहित ल्याई सोहिरुपले देब्रे हातले हुक्वा फिम्मा गर्दछन् । लिम्बूहरुमा साम्दाखोङ् रहिन्जेलसम्म मृतआत्मा उक्त ठाउँमा रहिरहन्छ वा घरको वरीपरी घुमिरहन्छ भन्ने मान्यता छ । खाःउमा गरेर बिदा दिएर मात्रै स्वर्ग जान्छ भन्ने विश्वास रहँदै आएको छ । त्यसैले साम्दाखोङ्लाई शुद्धाईको दिन खाःउमा गर्ने समय सम्म घरभित्रै राखिन्छ । खाःउमा गर्ने समय भएपछि सम्पूर्ण खाने पिउने ठोस, तरल, फलफूल आदि मृतआत्मालाई चढाउनका लागि राखिने सम्पूर्ण वस्तुहरु घरदेखि पश्चिम पट्टि मान्द्रो उल्टो पारेर त्यस माथि एकएक गरेर दुना टपरामा  राखिन्छ । साथै पाहुना, दाजुभाई, चेलीवेटीहरुले पनि 'हुक्वा फिम्मा' मृतआत्मालाई चढाउन विभिन्न चिजहरु ल्याएका   हुन्छन । यसलाई पनि त्यहि राखिन्छ । खाःउमाको समय भएपछि मुन्धुम

सुरु गरिन्छ । मुन्धुम सकिएपछि किरिया पुत्रीहरुले देब्रे हातले उक्त खानेकुरा खालि टपरामा चढाउँछन् । र अरु दाजुभाई, चेलीवेटी, पाहुनाजनहरु सबैले सोहि रुपले चढाउने गर्दछन् । यो कार्य सकिएपछि साम्दाखोङ् (उक्त पोको) खोलिन्छ । पैसा, गरगहनाहरु घरको खतुकी ( मूली)लाई जिम्मा दिनुपर्छ ।र उक्त पैसा लाई मृतकको बरखी खर्चमा लगाउने गरिन्छ ।

## ५. नुनतेल फुकाउने कार्य

मृतकलाई दाहसंस्कार गरेपछि घरमा पुगेर घरभित्र एक कुनामा लिपपोत गरि साम्दाखोङ नजिकै राखेर त्यसैको छेउमा चोखोनितो गरी किरियापुत्रीहरुले बिहान नुहाएर खानेकुरा मृतकको नाममा चढाउनु पर्छ । यसलाई हुक्वा फिम्मा भनिन्छ । नेः?केयुक्पा/मा ( किरियापुत्री) स्त्रीभए कपाल फुकाई, पूरुष भए टोपी नलगाइ बस्दछन् । विहान बेलुका खानेकुरा देब्रेहातले चढाउँछन् । किरियापुत्रीलाई रुँग्न दाजुभाई, इष्टमित्र, छरछिमेकहरु आउने गर्छन् र मुन्धुम, कथा आदि भन्दै पालो पालो गरी रातभर जाग्राम बस्छन् । यस अवस्थामा किरियापुत्रीले पशुपंक्षी र पाःनमेन्दङ (भाषा नमिल्ने) अन्यजातिसँग छुवाछुत गर्न बोल्न हुँदैन । मृतक पूरुष भएमा चार दिनमा र स्त्री भएमा तीन दिनको बिहानै घर लिपपोत गरि सफा गरेर पंचभलाद्मी, दाजुभाइ जम्मा हुन्छन् र फेदाङमाले युम्निःङ्गे नाःक्मा विधि सुरु गर्दछन् । यसमा आँगनमा सफा लिपेर त्यसमाथि नाङलोमा दुई बोतल थिसाङदाङ, तेलमा भुटेको कुखुराको मासु पकाएर अदुवा, लसुन, खुर्सानी, बेसार, नुन हालेको एउटा टपरीमा राखिन्छ । केराको पात वा सेतो कपडा माथि पाँच वटा 'युप्पा याङ' चाँदीको पैसा पनि राखिन्छ । अहिले खाःउमा गर्दा जस्तै विभिन्न परिकारको खानेकुरा पकाएको टपरीमा राखि मान्द्रोमाथि राख्ने चलन आएकोछ । फेदाङमा तुम्याङहाङहरुले मुन्धुम पुऱ्याएर सकिएपछि ऊक्त परिकार किरीया पुत्रीहरु साथै दाजुभाईहरुले खालि टपरामा हुक्वा फिम्मा गर्नु पर्दछ । युमनिङगे नाःक्मा विधि पनि शुद्धाईकार्यमा जस्तै हुन्छ । एउटै मुन्धुम हो । फेदाङमाले सानो लठ्ठी टेकि नाङलो छेउमा उभिन्छन् र अर्को पट्टि तुम्याङहाङ उभिएको हुन्छन् । फेदाङमाले मुन्धुम फलाक्दै मृतकको नाम ठेगाना पुकार्दै जान्छन्, मुन्धुम बाटनै प्रश्न गर्दै जान्छन् र तुम्याङहाङले उत्तर दिदै दोहोरो हुन्छ । मुन्धुम सकिएपछि मृतकको नाम पुकार्दै घरपरिवार, दाजुभाई जुठो परेको थियो आजदेखि फुकुवा भयो है तीनतियाली तीनवाचा भन्दै फेदाङमाले टेकेको लठ्ठी तीन टुक्रा भाँची पश्चिमतिर फ्याँकि

दिन्छन् र किरियापुत्रीहरु 'नङसिङमा' केश, आँखी भौँ खौरिने र नङ काट्ने गर्नुपर्छ । उक्त कुखुराको मासु र रक्सी युममची नाःमा गरेर सबैलाई हातमा बाँडी दिन्छन् । र सामान्य भोज खुवाईन्छ ।

## ६. मुख्य शुद्धाइ

नुनतेल कार्य सकिएपछि भद्रभलाद्मी बूढापाकाहरु बसी खाःउमा (ठुलो र अन्तिम मृत्यु संस्कारको काम वा अन्त्येष्टी क्रिया) मिति आफ्नो सहज अनुसार एक बर्ष भित्रका विजोडी महिना र दिनमा गर्ने गरि तोकिन्छ । यसलाई लिम्बूहरुले 'नेःफाङमा/ खाःउमा' जुठो फुकाउनु वा शुद्धाई भन्ने गर्दछन् । शुद्धाइको लागि ईष्टमित्र, दाजुभाई, कुलकुटुम्बलाई सहभागी हुन निमन्त्रणा गरिन्छ । पहिला पहिला विगतमा मानिसद्वारा पत्र पुऱ्याउने गरिन्थ्यो भने आजभोलि प्रविधिको विकास भएको कारण फोन, ईन्टरनेट, रेडियो, टि.भी.बाट पनि निम्तो दिईन्छ । यहि बीचको अवधिमा सम्भव भएसम्म मृतकको नाममा तरङ (पूल), लाम् ( बाटो), इःक्खिम (पौवापाटि), इःत्नाम्भे (चौतारा) र चिहानमा कपुस्थान बनाउने, हाल विकास भएको सिमेन्टले मृतकको नाम, ठेगाना, जन्ममिति, मृत्युभएको मिति लेख्ने काम गरिन्छ । शुद्धाईको अघिल्लो दिन आमन्त्रित पाहुनाहरु र काम सघाउने इष्टमित्रहरु जम्मा हुन्छन । आ-आफ्ना गच्छे अनुसारको रुपैँया, चामल, जाँड, रक्सी, ल्याउनेले चार खुट्टे जीवात (राँगा, खशी वा बाखा) ल्याउने गर्दछन । जसलाई चाम्लाङ तोम्मा भनिन्छ । यो चाम्लाङ 'सघाउनी' ल्याउँदा खेरि पहिला को वोहिखाता हेरेर उक्त घरबाट कति ल्याएकाछन् त्यसको आधारमा लाने चलन  छ । ती आउने पाहुनाहरुलाई बस्ने ठाउँ घरनजिकै बारी वा खेतको कान्लामा बाँस र स्याउलाको डेरा बनाइएको हुन्छ, त्यहाँ राखिन्छ । सोहि दिन बेलुकादेखि नै घरका मान्छे किरियापुत्री, दाजुभाई, उपस्थित पाहुनाहरु, चेलीवेटीहरुले मृतआत्माको सम्फनामा छाक छोड्ने गर्दछन् ।

गाउँले इष्टमित्र छरछिमेकीहरुलाई शुद्धाइको दिन निम्तो दिएर बोलाइएको हुन्छ । निम्तो बाँड्दा दश पन्ध्र दिन अगाडि प्रत्येक घरमा निम्तो बाँड्न मान्छे खटाइन्छ । त्यस दिन दिउँसो बाह्र एक बजे खाःउमा गरिन्छ । यसको लागि सामानहरु तयार गर्नु पर्छ । एउटा नाङ्लो माथि सेतो कपडा वा केराको पात माथि पाँच वटा 'युप्पा याङ' चाँदीको पैसा, दुइवटा चौँठो/बोतलमा थिःसाङदाङ रक्सि/जाँड भरेर राखिन्छ । सँगै सुँगुरको टाउको

राखिन्छ । नाङलोको एक छेउमा साम्दाखोङ र किरियापुत्रीले लगाउने नयाँ कपडा राखिन्छ । साथै मान्द्रो उल्टो पारेर त्यसमाथि विभिन्न प्रकारको पकवान मिठो मसिनो खाद्यपदार्थ, मृतकको मनपर्ने बस्तु, फलार, फलफुल,पेयपदार्थ प्रत्येक टपरामा उक्त मान्द्रो भरि राखिएको हुन्छ । एउटा ठूलो खालि टपरा पनि छेउमा राखिएको हुन्छ । किरियापुत्रीहरु महिलाले कपाल फुकाएर र पूरुषले टोपी नलगाई पश्चिम तर्फ फर्केर खाली खुट्टा उक्त नाङलोको छेउमा टुक्रुक्क बस्नुपर्छ । मृतकको सम्भनामा मेरिङथक्मा गर्दै रुँदै बसेका हुन्छन् । तुम्याङहाङ एकापट्टि र फेदाङमा अर्कोपट्टि लट्टि टेकेर उभिएका हुन्छन् । वरिपरी त्यहाँ उपस्थित पाहुनाजन, इष्टमित्र, चेलीवेटी, दाजुभाई, कुलकुटुम्बहरु उभिएका हुन्छन् । र खाःउमा विधि सुरुहुन्छ ।

*फेदाङमाले मुन्धुम सुरु गर्दछ*

*लौ....है.... फलाना ठाउँ बस्ने फलानोको फलानो नाता पर्ने फलानो/फलानी बिरामी परी सकेसम्म उपचार गर्दा पनि केही लागेन, स्वर्गे भई लापोःख्खे, लाइतासा, नामपोख्खे, नाम्इतासा लानाम्नुए पेरो, सेमिक्ला पेमिक्ला खाप्पुनु अम्लेङ्गेन खाम्हिःसोरे केबोःङ्बा कुधक्किन खाम्मो?ए तङेपेरो (घामको छोरा/छोरी घामैले लग्यो, जुनको छोरा/छोरी जुनैले लग्यो माटोबाट बनेको शरीर माटोमै मिल्यो) त्यसर्थ यो फलानो/फलानी (किरियापुत्रीलाई औंल्याउँदै) दुःखको सागरमा डुबेका छन् त्यहाँबाट उनीहरुलाई निकाल्नलाई तपाईहरुको आवश्यक परेकोले तपाईहरुलाई जम्मा गराइएको छ, यो दुःखको सागरबाट उनीहरुलाई निकाल्छौ होइन?*

*तुम्याङहाङ*

*लौ...... हामी निकाल्छौं है.... निकाल्छौं । हामी पञ्चभलाद्मीहरु मिलि जति पनि कुराहरु यि दुःख बोक्नेहरुले बारेर बसेका थिए ती सबै कुराहरु आजदेखि फुकुवा गरिदिएका छौं है.....।*

*फेदाङमा*

*उसका सन्तानहरुले मृतक फलानो/नीकोको नाममा पाटिपौवा, चौतारो, कपुस्थान, धारा आदि बनाए । दान दक्षिणा गरे, मिष्ठान्नहरु आमन्त्रितहरुलाई खुवाए । यि सबै खानेकुराहरु मृतकले पाउँछ कि पाउदैन?*

*तुम्याङहाङ*

*उसका सन्तानहरुले जति पनि पाटिपौवा, धारा, चौतारा, कपुस्थान बनाएका देखि दान दक्षिणा, यि सम्पूर्ण खानेकुराहरु सवै मृतकले पाउँछ है....पाउँछ....।*

*फेदाङमा*

*अस्ति जिजु चेप्चुहरुको पालामा प्रसस्त माटो वनजंगल हुँदा उनीहरु एकआपसमा झगडा गरि विभिन्न किसिमका देवदेवताहरुलाई नामाकरण गरेर नात सन्तानहरुमा पुस्तौंपुस्ता सम्म फलिफाप नहोस भन्दै जीवातहरु भोग दिएर एकपाथि लिखा दिँदै आकाशका तेत्तिस कोटी देवदेवीदेखि पृथिवीतलका सम्पूर्ण देवदेवताहरुलाई साँक्षी राख्दै गालिसराप गरेको थियो अरे .... त्यो बगाउँछौ कि बगाउँदैनौ?*

*तुम्याङहाङ*

*ल....हुन्छ..... । जिजु च्याप्चुको पालामा जस्तासुकै गालिसरापहरु भएपनि हामी बगाउने छौँ है.....बगाउँनेछौ ।*

*फेदाङमा*

*मृतकको दाहसंस्कार गर्दा लाशले चेप्ट्याएका, ढुङगामुढाले चोट लागेका, अररिको काँडाले कोरेका, हर्कटोको पातले काटेर रक्तपुच्छे भएकाहरुका लागि यहाँनेर कोरमा बस्नेहरुले पाँचवटा चाँदीका सिक्काहरु, जाँड रक्सिका कठुवा/बोत्तल, सुँगुरको टाउको कपडा राखिदिएका छन् यि सबै लिनका लागि कोहि त्यस्तो छौ?*

*तुम्याङहाङ*

*हामि त्यस्ता लाशले चेप्ट्याएका, ढुङगामुढाले चोट लागेका, अररिको काँडाले कोरेका, हर्कटोको पातले काटेर रक्तपुच्छे भएका कोहिपनि छैनौँ है.... छैनौँ ।*

*फेदाङमा*

*एकान्तमा गएर टिका टिप्पणी गर्ने, जाँड रक्सी पिउने, सुँगुरको टाउको खान सक्ने, एकसरो कपडा लगाउन सक्ने र पाँचवटा चाँदीका सिक्का लिन सक्ने कोहि छौ?*

*तुम्याङहाङ*

*एकान्तमा गएर टिका टिप्पणी गर्ने, जाँड रक्सी पिउने, सुँगुरको टाउको खान सक्ने, एकसरो कपडा लगाउन सक्ने र पाँच वटा चाँदीका सिक्का लिन सक्ने कोहि पनि छैनौँ हामीबाट वाचै वाचा भयो...।*

*फेदाङमा*

*साचै तिमी पञ्च भलाद्मीहरु साक्षत रहेछौ । अब फेरि विन्ती गरेँ है.....। अब यि दुःखका धनीहरुका स्वर्गीय फलाना/नी का हंशले सबै वस्तुहरु लिएर जिवीत आत्माहरुसँग अलग्गै रहेर पितृलोकमा पुऱ्याएर पितृहरुलाई बुझाइदिन्छौ त?*

*तुम्याङहाङ*

*लौ...... हामी.... यि स्वर्गीय फलाना मृतकका हंश जिवीत हंशहरुसंग छुट्याएर बाँकि रहेका हंशहरु साथ यी वस्तुहरु उनका पितृहरु कहाँ पुऱ्याएइदिन्छौँ है....दिन्छौँ ।*

*फेदाङमा*

*लौ......... त्यसो भए फलाना/फलानिको हङ्स 'साङ्ग्राम'(स्वर्ग)मा विराजमान उनका जीजु बाजेको काखमा आजदेखि गयो होइन?*

*तुम्याङहाङ*

*एकै स्वरमा गयो है..... गयो...।*

*फेदाङमाले प्रश्न गर्छ*

*त्यसोभए अब यी किरियापुत्रीहरुले फूल टीका लगाउन, मनोरञ्जन गर्न, राम्रो लुगालगाउन, पूजापाठ गर्न विवाह आदि गर्न पाउँछन कि पाउँदैनन् ? दिन्छौ होइन ?*

*तुम्याङहाङ*

*एकै स्वरमा जवाफ दिदै 'पाउँछन् है....पाउँछन् । दिन्छौँ है.... दिन्छौँ ।* (मेन्याङवो, २०६१ पेज ६२,६३)

अब 'हुक्वा फिम्मा' पिण्ड चढाउने काम सुरु हुन्छ । अनि मृतआत्मा र जीवित आत्मालाई फेदाङमाले अलग छुट्याउँछ र भेट नहुने गरि 'थिक्हुप्, निहुप् नु सुम्हुप्' (एकवाचा, दुईवाचा, तीनवाचा) भन्दै तीनवाचा बाँधिदिन्छ । त्यसपछि "सक्यो है" भन्दै आफूले टेकेको लठ्ठी तीन टुक्रा भाँची पश्चिमतर्फ फ्याँकिदिन्छ । त्यसपछि किरियापुत्री छोरालाई 'नङसिङमा' कपाल, आँखिभुई, नङ काट्ने काम हुन्छ । कपाल मामाले नै खौरनु पर्छ भन्ने मान्यता लिम्बूहरुमा छ । त्यस पछि नुहाईधुवाई गरि नयाँ लुगालगाई मान्यजनलाई ढोगभेट गर्ने कार्य गर्दछन् । यस ढोगभेटमा नजिकका दाजुभाई र मामा मावली पनि सम्मिलित हुन्छन् । सेवाढोग गर्नेहरुले 'अबदेखि यस्तो अशुभ कार्यमा भेट नहोस् शुभकार्यमा मात्रै भेटहोस् अब यो घरमा मरिमराउ कहिले पनि नहोस् आदि भन्दै आशिर्वाद दिन्छन् । त्यसपछि उपस्थित सबैलाई भोज खुवाउने कार्य सुरुहुन्छ, । खाःउमा को दिन बेलुका पाहुनाहरु सँग युवायुवतिहरु रात भरि पालाम गाउँदै धान नाच्ने र बूढापाकाहरु हाक्पारे साम्लो गित गाउँदै वस्ने गर्दछन् ।

## ७. पहिला र अहिले नेः?युक्मा बस्दाखेरी प्रयोग गरिने लुगाफाटा लवाई बारे

पहिला नेःयुक्मा बस्दाखेरी किरीयापूत्री छोरामान्छे हो भने लगाएको टोपी खोली उल्टो लुगा लगाएर बस्ने र छोरी, बुहारी हो भने कपाल फुकाएर चोलो उल्टो पारेर लगाउने, जब

युमसा नाःकमा कार्य सकिएपछि छोरालाई 'नङसिङमा' कपाल मुण्डन गर्ने चलन थियो । खाःउमा नसकिन्जेलसम्म छोराले लगाएको लुगा उल्टो पारि लगाउने छोरी, बुहारी ले चोलो उल्टो पारि लगाउने चलन थियो । अहिले चिहान घारीमा मृतकलाई दाहसंस्कार गरिसकेपछि नजिकै खोला वा धारामा छोरालाई 'नङसिङमा' कपाल मुण्डन गरेर सेतो धोती र टोपी लगाई छोरी, बुहारीले नुहाई कपाल छोडेर एकसरो लुङ्गी वेरेर घरभित्र मृतकको नाममा कुनामा बसि खानेकुरा चढाउने गर्दछन् । खाःउमा नसकिन्जेलसम्म छोराहरुले सेतो कपडा एकसरो सिलाएर, सेतो टोपी, चप्पलजुत्ता लगाउँछन् भने छोरी, बुहारीले सेतो चोलो,भेष्ट एकसरो सिलाएर लगाउने गर्छन् । यो हिन्दु धर्मको प्रभाव परेको देखिन्छ ।

## ८. छोरा र छोरी विदेशमा रहेको समयमा बुबा, आमाको मृत्यु भएमा फर्की आएपछि उनीहरुले काजकिरिया गर्ने तरिका

छोरा छोरी यदि विदेशमा रहेकोबेला घरमा आमा वा बाबुको मृत्यु भएको छ भने सोहि समयमा आईपुग्न नसकेमा पछि समय उचित मिलाएर आए पछि सोहि अरु सरह बार्नु पर्दछ । घरमा आई नपुगी कतै दाजुभाई बाहेक अन्य लिम्बूको घरमा नजिकै धारा/कुवा/खोलामा फेदाङमा, तुम्याङहाङद्वारा मुन्धुम अनुसार छोरालाई 'नङसिङमा' कपाल दाह्रि खौरेर सेतोछोपो ओडि, धोती लगाई, छोरीले कपाल फुकाएर एकसरो लुङगी बेरेर कुनामा सोहिरुपले चोखोनितो गरि मृतकको नाममा खानेकुरा चढाउनु पर्छ । भोलिपल्ट बिहानै नुनतेलको लागि सामानहरु तयार बनाएर फेदाङमा, तुम्याङहाङ र केहि दाजुभाई जम्मा भएर कार्य सम्पन्न गर्दछन् र जुठो फुकुवा गरिदिन्छन् ।

## ९. सिःतङसिङ र याग्रेसिङ बनाउने विधि

याग्रेसिङको आठौँ तलामा तागेरा निङ्वाफुमाङको लासो राखिन्छ । नवौं तलामा सोधुङ लेप्मुहाङको लासो राखिन्छ । आठौँ तलाको दायाँ पट्टि नाहाङमाको लासो बाँया पट्टि येप्मेथुङ सम्मेथुङको लासो हुन्छ । प्रत्येक लासोमा दुईवटा साप्तोक (तोङवा) चाहिन्छ । निङवाफुमाको लासोमा दियो कलश बाल्नु पर्छ । याग्रासिङ भनेको येवा/येमाहरुको केसिङ (गुरु बोलाउने थान) हो । उक्त याग्रेसिङको फेदमा चार फन्का बुनेको चप महलमा माटो भरेर तङसिङ छोरामान्छेको भए चार र छोरीमान्छेको तीन फुर्के खिपेर बीचमा चाम्जीङको पातले बेरेर

राख्नु पर्छ । मेरीहेम्वाङ खिः (नौ रङको धागो) ले जाल बुन्नु पर्छ र टुप्पोमा झुन्ड्याइदिनु पर्छ । यसलाई सिलामसाक्मा (मृतकको बाटो छेक्ने) भनिन्छ । प्रत्येक तङसिङमा फुर्के मुक्तो (घोङरिङ) खिपेर खेमायङसङ तङसिङ गाड्नु पर्छ । मुन्धुमबाट खेमायङसङमा पुग्दा ईखेप्मा गरेर मृत्यु र जीवीतहरुको सातो छुट्याउनु पर्दछ र खेमाहिम भत्काउनु पर्छ । तङसिङचप ( महला) भित्र सिङ्युक मुदेन फे खुकुरी, खुर्पा, हँसिया गाड्नु पर्छ अग्लो भागमा पाङवारी पोना (माला पोतेहरु) झुण्ड्याउनु पर्छ । येवा/येमा, साम्वा, फेदाङमाहरुको तङसिङ अलि फरक हुन्छ । तङसिङका बीचमा अम्लिसो, माङःयामा (हलेदो)को जरा गाड्नु पर्छ । एक चिण्डोमा पानीभरी तितेपाती वा फुलको थुङगाले विर्को लगाउनु पर्छ । तङसिङको टुप्पामा माला झण्ड्याउनु पर्दछ । यी सम्पूर्ण सामानहरु तयार पारेपछि साम्वा/येवाले आफ्नो मुन्धुम अनुसार विधि पुऱ्याउँदै अगाडी बढ्दछन् ।

सिःतङसिङ येवा/साम्वाले गर्दछन् । यसलाई 'इसेम्मा तङसिङ' पनि भनिन्छ । कुनै  घरमा मृत्यु भयो भने मृतकको सातो वा आत्मा सोही घरमा अल्मलिएर घरवरिपरी घुमिरहन्छ भन्ने मान्यता  लिम्बू समुदायमा रहेको छ । त्यसकारण मृत्यु भएको घरमा खाःउमा को दिन बेलुका 'इसेम्मा तङसिङ' अनिवार्य राख्नु पर्दछ । यसमा मुन्धुम अनुसार येवा/साम्वाले मृतकको आत्मालाई जीवीत परिवारसँग छुट्याएर पितृसामु पुऱ्याउने गर्दछन् ।  सिःतङसिङ 'खाउमा' शुद्धाइको दिन बेलुका घरको आँगनमा माथि उल्लेखित आवश्यक सामानहरु जुटाएर याग्रेसिङ बनाइन्छ । याग्रेसिङमा चाम्जिङ, मुक्तो र बाँस मिलाएर आँगनको बीचमा गाडिन्छ र यसमा तङसिङ थान राखिन्छ । याग्रेसिङ स्थित मृतकको आत्मा छेक्ने र जीवीतको लागि 'सिलाम साक्मा' (मृत्युको बाटो छेक्ने) राखिन्छ । येवा/साम्वाले आफ्नो आसनमा बसेर मुन्धुम विस्तृत पुकार्दै  लान्छन् । बीच बीचमा घरका सबै सदस्य पूरुषहरुले खुकुरी र महिलाहरुले खुर्पा/हँसिया बोकेर, साम्वा/येवाले थाल बजाउँदै याग्रासिङ स्थित वरीपरी घुम्दै ई.. हु.... ई... हु.... गर्दै घुम्दछन् । येवाहरु लिम्बुहरुको सृष्टि इतिहास कथा वयान गर्दै विभिन्न याक्थुङवा संस्कारहरु कसरी भयो भन्ने वर्णन गर्दै मुन्धुम अगाडि बढाउँदछन् । रात भरि यसरि नाच्ने गर्दछन् । भोलिपल्ट बिहानै ग्रहदशा फाल्ने विधिमा आइपुग्दछन् । मुन्धुम फलाक्दै सिःमिक्वा गरेर ग्रहदसा फाल्दछन् ।

## १०. मिक्वाःसाङमा गर्ने विधि

इसेम्मा तङसिङ गरिसकेपछि भोलीपल्ट बिहान मिक्वासाङमा गरिन्छ । लिम्बू भाषामा मिक्वासाङमाको अर्थ आँशु पखाल्नु, पुछ्नु वा फ्याँक्नु हो । मृतकको नाममा आफन्तहरुले खसालेको आँशु पखाल्नु पर्छ भन्ने विश्वास लिम्बूहरुमा छ । यसको लागि चाहिने सामानहरु चाम्जीङ, मुक्तो(घुङरीङ) एक आँखो बनाउने र काउलोको पातले बेरी धागो बाँधेर मानवको स्वरुप वनाउने, नौ मूलको पानी बटुल्ने र तामाको खड्कुलोमा राख्ने । नुवुनवा, युप्पावा, साम्याङवा (पानीमा सुन र चाँदी भिजाएको पानी) समा सिङदुम्पक्वा/लुङदुङपक्वा ( आकाशबाट परेको पानी) उक्त खड्कुलोमा मिसाइ बनाइएको चुङनावा पवित्र पानीलाई साम्वाले मुन्धुम फलाक्दै "यी पखालिएका आँशुहरु तिमी पश्चिम तिरका पागेरुङ, मागेरुङ, लाःहरुङ, नामहरुङ देव तिमी उक्त आँशुहरु ग्रहण गर है" भन्दै मृतकका घरपरिवार, दाजुभाई, चेलिवेटीहरु पश्चिम तिर फर्काइ उभ्याएर घुङरिङ र स्याउली मुठो बनाई पानीमा चोपल्दै पश्मितिर उभिएका प्रत्येक आफन्तजनहरुलाई आँखा, कुम, घुँडादेखि पाउसम्म सोहोर्दै ल्याउँछन् । यो क्रम केही समय भएपछि फेरी पूर्व तिर फर्काएर स्याउली पानीले पवित्र गराउँछन् । मुन्धुम अनुसार यसैगरी घरभित्र कुनाकाप्चाबाट स्याउली मुठा र पानीले चोख्याउँदै बाहिर तिर सोहोर्दै निकाल्छन् । बाहिर निस्केपछि घरवरिपरी पनि छर्किंदै सोहोर्दै त्यो स्याउली र पानी पश्चिमतिर फ्याँकिदिन्छन् । यो विधि सकिन्छ ।

## ११. मृत्युसंस्कारमा आवश्यक पर्ने खाद्य पदार्थहरु

मूल पूजा-आजाको लागि लिम्बूहरुको मृत्युसंस्कारमा आवश्यक पर्ने खाद्यपदार्थहरु जाँड, रक्सी, अदुवा, लसुन, भातमासु, फलफुल, फलार तरुल, आलु, चामलको रोटी आदि पकाएर मृतआत्माले पाओस् भन्दै साम्दाखोङमा राखि खालि टपरामा आफन्तहरुले देब्रे हातले चढाउने गर्दछन् । यसलाई लिम्बूहरु मृत आत्मालाई हुक्वा फिम्मा गर्न भन्दछन । त्यस्तै मृतशरीरलाई चेधापमा चढाएपछि एक माना चामल भाँडामा पकाएर जाँड सहित मृतकलाई देब्रे हातले चढाउने गर्दछन् । मृतकलाई दाहसंस्कार गरिसकेपछि उक्त भात पकाएको भाँडो, जाँडको तोङ्वा, रक्सिको बोतल चिहान माथि राखिछोड्ने गर्दछन् । लिम्बूहरु जन्म, मृत्यु र विवाह जस्ता कार्यमा भोज खुवाउन अत्यन्तै धेरै खर्च गर्ने गर्दछन् । त्यस्तै मृत्युसंस्कारमा भोजको लागि मकै, कोदो, गहुँ आदि अन्नहरु जाँड पकाउने गर्दछन् । जाँड, रक्सि, चिउरा,

चिनी, चामल, मासु राँगा/भैंसी, बाखा, कुखुरा, बँगुर आदि प्रसस्तै मात्रामा खर्च गर्ने गर्दछन् । लिम्बूहरुको मृत्युमा दाहसंस्कार गरेपछि घरफर्किने बीच बाटोमा चेसावा उपस्थित सम्पूर्णहरुलाई खाजा खुवाउने व्यवस्था गरेका हुन्छन् । त्यहाँ जाँड, रक्सी, चिउरा, चिनी आदि खाद्यपदार्थहरु प्रसस्तै मात्रामा खर्च हुन्छ । त्यस्तै युम्सा नाःक्मा कार्यमा दाजुभाई ईष्टमित्र हरुलाई भोज खुवाउन जाँड, रक्सी, मासु, भात खुवाउने गर्दछन् । शुद्धाईको दिनमा सम्पूर्ण आफन्तहरु ईष्टमित्र, दाजुभाई, पाहुनाहरु लाई निम्तो दिएर वोलाउने गर्दछन् । खाउमा सकेपछि राँगा/भैंसी, खसि, सुँगुर जस्ता जीवात काटेर मासुभात, जाँड, रक्सि आदि खुवाउने गर्दछन् ।

## १२. मृत्युसंस्कारमा आवश्यक पर्ने बोट विरुवाहरु

चाम्जिङ 'स्याउलीको पात', मुक्तो 'घुङरीङ', प्रेत आत्मा घरभित्र नपसोस् भनेर घर बाँध्ने र येवाको शक्तिको रुपमा प्रयोग गरिन्छ । यसका साथै दुम्सीको काँडा, केसिङ पनि येवाको शक्तिको रुपमा प्रयोग गरिन्छ । हरियो बाँस मृतकलाई बोक्ने चेधाप 'लास' बनाउन, सिःतङसीङको थान मा लिङगो गाड्न र चप 'महला' बनाउन प्रयोग गरिन्छ । तीन वटा अगुल्ठोलाई बाँधेर चेधापसँगै घरदेखि निकाल्ने गरिन्छ । यस्तै सिदीङवा 'अररीको काँडा', हर्कटोको पात मृतकको चिहानको लागि माटो किन्न प्रयोग गरिन्छ । नौ मूलको पानी तामाको खड्कुलोमा राखिन्छ र चाम्जिङ, मुक्तो मुठा बनाएर चोपल्दै साम्वाले मृतकको वियोगमा आँशु बगाउनेहरुको आँशु पखाल्न प्रयोग गर्दछन् । केराको पात युम्सा नाःक्मा, खाउमा गर्दा नाङलो माथि राखेर त्यस माथि जाँड र रक्सी वोतल राख्ने गरिन्छ । नामयोःक 'तितेपाती' चोखो नितोको लागि प्रयोग गरिन्छ ।

## १३. मृत्युसंस्कारमा आवश्यक पर्ने पेय पदार्थ

लिम्बूहरुको हरेक संस्कारमा आवश्यक पर्ने पेय पदार्थ जाँड र रक्सी हो । जाँड र रक्सी मृतआत्माले पाओस् भनेर चोखोनितो गरि घरको कुनामा साम्दाखोङ झुन्ड्याएर ठिक त्यसको मुनिपट्टि विभिन्न खानेकुराहरुका साथै जाँड र रक्सी पनि अनिवार्य चढाउनु पर्दछ । त्यस्तै मृतकलाई दाहसंस्कार गरेको बेला जाँडको तोङवा र रक्सीको बोतल आवश्यक पर्दछ । घरका सदस्यहरुले चेसावाहरुलाई खाजा खुवाउन कुनै चौतारा वा पाटीमा बन्दोबस्त गरि

राखेका हुन्छन् । त्यस्तै नुनतेल शुद्धाई कार्यको लागि साम्दाखोङमा दुई बोतल रक्सी र जाँड अनिवार्य राख्नु पर्दछ । भोज खुवाउनको लागि घरका सदस्यहरुले अत्याधिक मात्रामा पकाएर वा किनेर भएपनि पनि बन्दोबस्त गरिराखेको हुन्छ । पाहुनाहरुलाई बाँसको ढुङ्ग्रो बनाएर जाँडको छोक्रा र पानि लगाएर पित्छिङ् सहित विभिन्न प्रकारको अचारसँग दिने गर्दछन् । आमन्त्रित ईष्टमित्र, दाजुभाईहरुले पनि चाम्लाङतोम्मा गर्न जाँड, रक्सी, सहित चामल, पैसा ल्याउने गर्दछन् । पाहुनाहरुले चार खुट्टे जीवात, चामल, जाँडको डरम रक्सीको चौंठो, पैसा ल्याउने गर्दछन् । यि ल्याइएका सबै चिजहरु प्रत्येकको नाम ठेगाना र ल्याइएको सामानहरुको नाम सहित बोहिखातामा लेखेर राख्ने चलन छ । यसलाई लिम्बूहरुले चाम्लाङ तोम्मा भन्ने गर्दछन् । पाहुनाहरुलाई स्वागत गर्दा बिदाई गर्दा सम्पूर्ण कार्यमा जाँड र रक्सी नै आवश्यक पर्दछ । यसको अलावा चिया पनि प्रयोग हुन्छ ।

## १४. मृत्युसंस्कारमा आवश्यक पर्ने मासुमंस

लिम्बूहरुको मृत्युसंस्कारमा कुखुराको मासु युमःनिगे नाःक्मा 'नुनतेल माग्न' को लागि अनिवार्य रुपमा प्रयोग गर्नु पर्दछ । कुखुराको मासुलाई नुन, खुर्सानी, अदुवा, लसुन सहित तेलमा पकाएर एउटा चोखो टपरामा राखि साम्दाखोङ नजिकै राख्दछन् । फेदाङमाले मुन्धुम सकेपछि नुनतेल फुकुवा गरेको घोषणा गर्दै अन्तिममा उक्त मासुलाई युममचि नाक्मा गरि सम्पूर्ण दाजुभाईहरुलाई बाँडिदिने गर्दछन् । अकाल मृत्यु हुनेहरुको लागि सुँगुरलाई जीउँदै कुटेर मारि येवाको थानमाथि झुण्ड्याएर राख्ने गर्दछन् । यो येवाहरुको गुरुलाई थानमा चढाएको हो भन्ने जनविश्वास लिम्बूहरुमा रहँदै आएको छ । खाःउमा गर्ने बेलामा आवश्यक विभिन्न खानेकुराहरु सहित मासुको परिकार पकाएर मृतआत्माले पाउने विश्वास गर्दै चढाउनको लागि टपरामा राख्ने गर्दछन् । त्यस्तै शुद्धाँईको दिन आमन्त्रित पाहुना, इष्टमित्र, दाजुभाई सम्पूर्ण उपस्थित हरुलाई राँगा, खसी, बाखा, सुँगुर आदि काटेर पकाई मासुभात, जाँड, रक्सी खादि भोजखुवाउने गर्दछन् । यसरि निमन्त्रणा गरिएका पाहुनाहरुले पनि आफ्नो स्थिति अनुसार चारखुट्टे जीवात राँगा, खसी ल्याउने गर्दछन्, यो चाम्लाङ तोःम्मा हो यसलाई लिम्बूहरु सघाउनीको रुपमा लिने गर्दछन् । बरखिको भोलि पल्ट बिहान बिदा गर्ने दिनमा उक्त ल्याइएको जीवात काटी मासु पकाएर थाल वा टपरामा राखि पात उल्टो पारेर मासु छोपि पाहुनाहरुलाई रक्सी र जाँडसँग दिने गर्दछन् । लिम्बूहरु यसलाई फुदोङ

भन्दछन् । जो जो पाहुनाहरुले जीवात ल्याएकाछन् उनीहरुलाई उक्त जीवात काटेर कम्मरबाट उभो टाउको तर्फ पुरै भाग जीवात ल्याउने पाहुनाहरुको नाम रक्सी कठुवामा लेखेरे उक्त दिएको फुदोङ रक्सी कठुवासंग आँगनमा मान्द्रो विछ्याएर राखिदिने चलन छ । यो सबै पाहुनाजनहरुले बोकेर घरमा लानु पर्छ ।

## १५. जुठो पर्ने

लिम्बूहरुमा कसैको मृत्यु भएमा दाजुभाई, चेलीवेटी, कुटुम्व, महिला, पुरुषहरुमा जुठो वार्नु पर्ने (ससिक,सोघा, सुगुप)मृत्युमा मृतकका परिवार दाजुभाईहरुलाई तीन र चार दिन जुठो पर्छ । मृतक छोरा मान्छे हो भने पुरा चार दिन बार्नु पर्छ र छोरी मान्छे हो भने पुरा तीन दिन बार्नु पर्छ । अन्य चेलीवेटीको हकमा कुटुम्बको साथ लागेको भए उनीहरुलाई चाहिँ अनिवार्य छैन । यदि मेल्लुङफुःमा 'किरिया सार्ने' अथवा बागदत्त दिनेकार्य भएको भए जुठो बार्ने छोरीचेलीको ईच्छा अनुसार हुन्छ । तर मेल्लुङफुःमा 'किरिया सार्ने' काम नभएमा चेलीहरुले पनि सोही अनुरुपले पुरै बार्नु पर्छ । कुटुम्बहरुले बार्नु पर्दैन । किनकी कुटुम्बहरु त जुठो परेकोलाई शुद्ध गर्न र नुनतेल खान पाउँछौ, अदुवा लसुन खान पाउँछौ सम्पूर्ण कार्य गर्न पाउँछौ भनि शुद्ध पार्ने हो । त्यसैले बार्नु आवस्यक छैन । केटाकेटी तीन बर्ष देखि माथिको मा अरु सरहनै सम्पूर्ण काजकिरीया गरिन्छ । यदि दुई वर्षसम्मको बच्चा छ भने त्यो बच्चाको, सोघाको, सुगुपको वा लेच्छाम भएर मृत्यु भएको छ भने यस्तो प्रकारको मृत्युमा जुठो पर्दैन र बार्नु पर्दैन । यस्तो मृत्युलाई अकाल मृत्यु भनिन्छ । यस्तो मृत्युमा दाहसंस्कार पश्चात येवाहरु लगाएर एकराते, तीनराते येवा विधि बमोजिम उनिहरुलाई पितृलोक पठाइन्छ ।

## १६. जुठो परेको बेला कोसंग के खाने/नखाने, सामाजिक जीवनबारे, के बार्ने/नबार्ने, दैनिक जीवनको अन्य पक्षहरु

परिवारमा कुनै व्यक्तिको मृत्यु भएको छ भने शुद्धाइँ गरि बिदा नगरिन्जेलसम्म मृतआत्मा घरवरिपरी घुमिरहन्छ भन्ने विश्वास लिम्बूहरुमा छ । त्यसैले खाःउमा गरि बिदा नगरिन्जेलसम्म नियम पुऱ्याएर बार्नु पर्छ पुजाआजा, मनोरञ्जन, विवाहवारी गर्नु हुँदैन । साथै मृतकको छोराछोरीले पाःनमेन्दङ् अन्यजातिहरुले पकाएको, छोएको खानु हुँदैन, संगै

बस्नु हुँदैन । काँस, तामाको भाँडामा पकाएको वा यसले वनेको थालमा खानेकुरा खानुहुँदैन । नयाँ कपडा, रङ्गिचङ्गी कपडा, सिन्दुर, गाजल, टिका लगाउनु हुँदैन । खाट, सोफामा उनिले वुनेको राडिपाखि, गलैँचा आदि जस्ता चिज ओछ्याएर बस्नु हुँदैन । गाडि, हवाईजहाज चढ्नु हुँदैन । पिङ खेल्नु हुँदैन । ठुलठुला डाँडा, खोला, पूल तरेर जानुहुँदैन यदि तरेर गएमा मृतकको आत्माले दुख पाउँछ भन्ने विश्वास लिम्बूहरुमा रहँदै आएको छ । नुनतेल सकिएपछि पनि बरखि नसकिन्जेलसम्म नै यि सबै कुराहरु बार्नुपर्छ । किरीयापुत्री वसेको बेला अरुजातिसंग बोल्नु हुँदैन । कुनै प्रकारको जीवातहरुले छुनु हुँदैन । नजिकको पाःसिङ् 'वंश' भित्र सवैलाई जुठो पर्छ । महिलाको तीन र पुरुषको चार दिन पुरै जुठो बार्नु पर्छ । मासुमंस, पकाएको बासि खानेकुरा, नुनतेल, अदुवा लसुन, खुर्सानी आदि खानु हुँदैन । परालबाट बनेको सुकुल वा गुन्द्रि ओछ्याएर बस्नु पर्छ । बिहान बिहान दैनिक नुहाएर साम्दाखोङमा चोखो खानेकुरा चढाउनु पर्छ । बरखन्त नसकिन्जेलसम्म पूजाआजा गर्नु हुँदैन, घरको कूलपुजा पनि गर्नु हुँदैन, परिवारमा जिवातहरु काटमार गर्नु हुँदैन, कुनै देवीदेवताको पूजा गर्नु हुँदैन । यि सबै नियमहरु दाजुभाइहरुले पनि चार वा तीन दिन नै पूरै नुन, अदुवा, लसुन, मासुमंस खानुहुँदैन बार्नु पछ । विहावारी, पूजाआजा गर्नु हुँदैन । दाजुभाई भित्र जुठो पर्छ ।

## १७. अकाल मृत्यु

### क) सोघा तोम्मा मृत्यु

येवा/येमा भनेको तागेरा निङवाफुमाङबाट नै खटिएर आएको हुन्छ भन्ने मान्यता लिम्बुहरुमा रहेको छ । अकाल मृत्यु अर्थात लडेर, खोलाले बगाएर वा आत्महत्या आदि बाट मृत्युहुने मृतआत्मालाई 'सोघा' भनिन्छ । यसरी मृत्यु भएका शरीरलाई गाड्नु हुँदैन, अनिवार्य जलाउनु पर्दछ, नभए मृतआत्माले सोघा भएर दुख दिइरहन्छ भन्ने विश्वास लिम्बूहरुमा रहँदै आएको छ । यस्तो मृत्युमा येवाद्धारा छेकवार नगरेमा मृतकको साम जिउँदो रहेको हुन्छ र गाउँघरमा दुःख दिन्छ भन्ने विश्वासले अकाल मृत्यु भएकालाई येवाद्धारा मन्त्रसहितको साप्सीङ (झाँक्रीस्याउली) र घुङरीङ (मुक्तो) ले मृतकको हात,खुट्टा,नाक,कान,आँखा मुन्धुमले ठोकी श्मसानघाटमा लगी घोप्टो पारी जलाइ खरानीको थुप्रो उठाएर चिहान बनाउने चलन छ ।

येवालाई बोलाउन जाँदा प्रक्रिया पुऱ्याएर जानु  पर्छ । एक चौंठो रक्सी र पाँचसय रुपैँयासँग घरमै लिन जानुपर्छ । यसलाई लामलःक भनिन्छ । बोलाउन जाने सदस्य येवाको अगाडि उपस्थित हुनुहुँदैन भन्ने मान्यता छ । येवाको श्रीमतीले नै सबै सोधिखोजी गर्छ । के प्रयोजनको लागि आएको हो ? कति दिनको लागि हो ? लाँदा ल्याउँदाको खर्च कसले व्यहोर्ने हो ? निजको ज्यान तलमाथि भएमा कसले व्यहोर्ने हो ? जस्ता प्रश्न गर्छन् । सबै प्रश्नको उत्तर चित्तबुझ्दो भएपछि मात्र उक्त रक्सी र पैसा समाइ रक्सीले येवाको पुजाको सामग्रीमाथि छर्किन्छन् । त्यसपछि मात्र येवा प्रत्यक्ष उपस्थित हुन्छ । वोलकवोल अनुसार येवा बोलाउन आउने व्यक्तिसंग मृत्यु भएको ठाउँ तर्फ लाग्दछन् । येवाले लगाउने सामानहरु शीरमा 'तेरेप असाङ' (पंक्षीका प्वाँखजडीत कल्की) उक्त कल्कीमा असाङसँगै कौडीहरु जोडीएका हुन्छन् । कम्मरमुनी भाङग्रेसिस्नुले बुनेका तरतक्पा, कम्मरमा सिरिपङगे (काँसको घण्टी), काँधमा अम्लारी पेत्तारी सुक्वा (सुनाखरीको चोयाले बुनेका मसिना ऋश झोलाहरु), झोलाभित्र खाम्लुङ अइबुक्मा (दुम्सीको काँडा) राखिएको हुन्छ । घाँटीमा सिङदुम असेकयेप्मा (सर्पका हड्डी), फिरिक्वा (रिट्ठा), र खाम्ब्राकमा (मट्टीमाला) लगाउने गर्छन् । येवा/येमाले यी सबै सामान लगाएपछि आफ्नो घरदेखीनै नाच्दै नाच्दै मृत्यु भएको ठाउँसम्म पुग्दछन् र माथि उल्लेख गरिए जस्तै गरि मृतकलाई दाहसंस्कार गरिन्छ । त्यसपछि मृतकको घरसम्म नाच्दै नाच्दै आइपुग्नु पर्दछ । घरको आँगनमा याग्रासीङ बनाउनु पर्छ । उक्त याग्रासीङ येवा/येमाको गुरुबोलाउने थान  हो । याग्रासीङमा दुई वटा सानो रुख गाडिएको हुन्छ, एकवटा थुन्छे, एकवटा च्याब्रुङ उक्त रुखमा झुण्ड्याउनु पर्छ । र एउटा जिउँदो सुँगुर कुटी मारेर त्यसको टाउको उक्त थानमा झुण्ड्याउनु पर्छ । येवा नाच्दै नाच्दै त्यस थानमा आईपुग्छ र थानमा बसेर मृतकको सृष्टिकालदेखि वर्तमानसम्मको नालिबेली केलाउन थाल्दछन् । त्यसपछि येवा नाच्न थाल्छ याग्रासिङ मा राखिएको खटिया माथि चढेर झुण्ड्याइएको सुँगुरलाई टोकेजसो गर्छ । येवाले मृतकको नाम पुकार्दै मुन्धुम फलाक्दै मृतआत्मा 'साम'लाइ बोलाउँछ र मृत प्रेतआत्मा बनेर येवाको जीउमा चढेपछि मृतक जीउदो रहदा गरेको, चित्त नबुझेको कुरा, व्यवहारहरु सबै व्यक्त गर्दछ । त्यसबेला त्यहाँ उपस्थित सम्पूर्णको लिम्बू समुदायहरुको आँखा रसाएको हुन्छ साथै रुने गर्दछन् । नजिकै भुँईमा नाङलोमा मृतकलाइ मनपर्ने खानेकुरा, लगाउने कपडा राखिएको हुन्छ । येवाले मृत प्रेतआत्मालाई मुन्धुम फलाक्दै फकाउँदै उक्त खानेकुरामा आउन र खानाखान आग्रह वा अनुरोध गर्दछन् । जब मृतआत्मा खानेकुरा खान थालेपछि येवाले दुम्सीको काँडाले घोचेर

स्याउली दुई मुठाले हिर्काएर मार्दछन् । उक्त ठाउँमा मृतअवस्थामा किरा, फट्याङग्रा, पुतली जस्ता मरेको देखिन्छ । त्यो नै मृतकको आत्मा आएको हो भन्ने विश्वास लिम्बूसमुदायमा रहेको छ । प्रेतआत्मालाइ छेक्न येवाले घर आउने मूलबाटोमा हलो, दुम्सिको काँडा र चाम्जिङ मुक्तो गाड्ने गदर्छन् । साथै घरको चारसुरमा चाम्जीङ, मुक्तो खिपेर गाड्ने गर्दछन् । यसो गरेमा मृतकको आत्मा घरभित्र नपसोस् र दुःख नदियोस् भन्ने हुन्छ । यस्तो प्रकारको मृत्युमा जुठो बार्नु पर्दैन । येवाले एक रात, तीन रात, सात रातमा विधि पुऱ्याएर सम्पन्न गर्दछन् ।

**ख) सुगुप सेःप्मा मृत्यु**

कुनै लिम्बू महिलाहरु सुत्केरी हुन नसकेर वा बच्चा जन्मन नसकि आमाको मृत्यु हुन गएमा अथवा बच्चा जन्मिएर एक महिना भित्र मृत्यु भएको छ भने त्यसलाई सुगुप मृत्यु भन्दछन् । गाड्ने कार्यविधि स्वाभाविक मृत्यु सरह भए पनि लाश गाडिएको चिहान माथि पसाउन आटेको केराको बोट रोप्ने चलन छ । जुनदिन उक्त रोपिएको केरा पसाउँछ त्यस मृतआत्माले बच्चालाई जन्म दिई जीउ हलुङ्गो भएको विश्वास गर्दछन । बच्चा जन्मेको एक महिना भित्र आमाको मृत्यु भएमा सुगुप मृत्यु नै मानिन्छ तर केराको बोट भने रोप्नु पर्दैन । यस प्रकारको मृत्युमा जुठो बार्नु पर्दैन । एकै रातमा येवाद्वारा विधि पुऱ्याएर सम्पूर्ण कार्य सकाउँछन् ।

**ग) ससिक यङदङ मृत्यु**

कुनै बच्चा महिना पुगेर आमाको गर्भ भित्र नै मृत अवस्थामा जन्मनु । अथवा जन्मिएर दाँत नउम्रीकन मर्नुलाई ससिक यङदङ मृत्यु भनिन्छ । लिम्बूसमुदायमा यस्तो मृत्यु भएको छ भने जुठो बार्नु पर्दैन, एकै रातमा साम्वाले विधि पुऱ्याएर सम्पन्न गर्दछन । यस्तो मृत्युमा बच्चाको सातोले आमालाई दुःख दिइरहन्छ र आमाको जिउ सुक्दै जान्छ भन्ने विश्वासले गर्दा सातो मारेर पितृसामु पुऱ्याएमा आमालाई दुःख दिदैन भन्ने मान्यता रहँदै आएको छ । यसको लागि चुलामाथि 'घुङरिङ' (मुक्तो) खिपेर 'चाम्जीङ' (स्याउली)को पातसंग सेतोधागोले बाँधेर फ्ुन्ड्याउने, त्यसलाई साम्वाले वाचा बन्धेजमा राखेर बाँध्ने गर्दछन् र त्यो वरिपरी फिरिरी घुमेको देखिन्छ । वच्चालाई आमा र वावुको नाम पुकार्दै वच्चालाई बोलाउछन् र

बच्चाको नाम राखिएको छ भने वच्चाकोनाम पुकारेर आमाको दुध चुसाउन बोलाउने । जब बच्चाको सातो दुध चुस्न बस्छ त्यसबेला आमाको दुधमा स्याउलीले हिर्काएर बच्चाको सातो मार्ने गदर्छन् । त्यसपछि घर वरिपरी चारसुरमा कुखुराको अण्डा फुटाएर घर बाँध्ने र बच्चाको सातोलाई पितृसामु पुऱ्याउने गर्दछन् । यसो गरेमा आमालाई दुःख दिँदैन र वच्चाको सातो अल्मलिएर दुःख पाउँदैन भन्ने मान्यता/विश्वास लिम्बूहरुमा रहँदै आएको छ ।

लिम्बूहरुमा फेदाङमाले मुन्धुम अनुसार मृतकको दाहसंस्कारको लागि माटोमाग्न, खाःउमा गर्न, नुनतेल माग्ने कार्य गर्दछ । साम्बाले मुन्धुम अनुसार मिक्वा साङमा, ईखेच्छिङमा र ससिकयङदङ मृत्युको लागि सम्पूर्ण कार्य गर्दछ । येबाले मुन्धुम अनुसार अकाल मृत्युको लागि सम्पूर्ण कार्य गर्दछ । अकाल मृत्यु भएर प्रेतआत्मा बनेकाहरुलाई विधि पुऱ्याएर बाटो छेकेर पितृ सामु पुऱ्याउने काम गर्दछ । र मृतकको घरमा चारसुर मुक्तो र चाम्जिङ ठोकेर घर बाँध्ने गर्दछन् ।

## लिम्बूहरुको परम्परागत मृत्युसंस्कारमा आएको परिर्वतनहरु

समय परिवर्तनशील छ । समयसंगै हरेक समाजको संस्कार रितिथिती र प्रचलनमा पनि क्रमश परिर्वतन हुँदै आईरहेको देखिन्छ । यस्तै गरि समय अनुसार विभिन्न बदलिंदो परिस्थिति जस्तै शैक्षिक, आर्थिक, सामाजिक, संचार, बसाँईसराई तथा वैदेशिक रोजगार जस्ता विविध कारणहरुले लिम्बूहरुको परम्परमगत मृत्युसंस्कारमा परिवर्तन आएको देखिन्छ । कतिपय ठाउँमा मृतकलाई दाहसंस्कार गर्दा जंगल वा खोलामा लगेर जलाउने चलन देखिन्छ । परम्परागत रुपमा दाह संस्कार गर्दा चाहिने सामानहरु विधिहरुमा परिवर्तन आएको देखियो । मृतकको चिहानको लागि माटो किन्दा आवश्यक चिजहरु तामाको पैसा अहिले नपाउने भएकोले त्यसको सट्टामा हाल चलेको सिक्का पैसा भएपनि काम चलाउन सकिन्छ भन्ने विश्वास गरेको देखियो ।

समय अनुसार परम्परागत मृत्युसंस्कार गर्दा आवस्यक मुन्धुमहरु लाई छोट्याएर छोटो समयमा नै सकाउने गरेको देखिन्छ । पहिला आर्थिक स्थिति जति कमजोर भएपनि ऋण काडेर भएपनि नुनतेल, शुद्धाईमा खाद्यजन्य मादक पदार्थ, चार खुट्टे जीवातहरुको अत्याधिक

रुपमा प्रयोग गरिन्थ्यो भने आजभोली मितव्ययिता अपनाई त्यस्तो खाने कुरामा कम खर्च गर्दछन् । शुद्धाई कार्यमा पहिला अत्यन्तै खर्चिलो तवरले गन्थ्यिो भने आजभोलि परिमार्जन भई कम खर्चमा नै सम्पन्न गर्ने गरेको पाइयो । पहिले आफन्तहरु वा कुलकुटुम्बहरुले शुद्धाइमा विभिन्न मादक पदार्थहरु असिमित रुपले रक्सी, जाँड त्यसै गरि राँगा, खसी/बाख्रा जस्ता चारखुट्टे जन्तु प्रत्येक आमन्त्रित पाहुनाजनहरुले आफ्नो आर्थिक स्थिति अनुसार ल्याउने लाने चलन रहेको थियो । यसरि ल्याइएको उल्लेखित चिजहरुलाई वोहीखातामा नाम ठेगाना सहित लेखेर राखि पछि उनिहरुकोमा पनि त्यसै अनुसार लानुपर्ने चलन लिम्बूहरुमा छ । भने आजभोलि त्यस्ता झन्झटिला किसिमका कुराहरुमा सुधार ल्याई मासु काट्ने कुरामा कमि आएको छ । बरु त्यस्ता अनावश्यक चिजहरु ल्याउनको सट्टामा पैसा नै चाम्लाङ तोःम्मा गर्ने चलन आएको छ । यसले मृतकको घरपरिवारमा खर्च गर्नको लागि आर्थिक भार नपर्ने देखिन्छ । आजभोलि निमन्त्रणा गरिएको चिठीमा नै 'कुनै प्रकारको चार खुट्टे जिवात ल्याउनको लागि निषेध गरिएको छ' भनेर उल्लेख गरिएको हुन्छ । तर कुनै कुनै ठाउँहरुमा अझै बाख्रा/खसी, सुँगुर, राँगा जस्ता चारखुट्टे जीवातहरु असिमित रुपमा काट्ने गरेको पाइन्छ ।

पहिला किरिया बस्दाखेरी लगाउने कपडामा जुन लगाएको कपडा (छाला र पशुको रौँ बाट बनेको बाहेक)लाई उल्टो पारेर छोराहरु टोपी खोलेर छोरी,बुहारीहरु लगाएको कपडा उल्टो पारेर कपाल फुकालेर कुनामा बस्ने गदर्थे र नुनतेल मागेपछि मात्रै छोराले कपाल खौरने चलन थियो । भने अहिले मृतकलाई दाहसंस्कार गरेपछि घर आइनपुगिकन बाटोमा धारा, कुवा, खोला जस्ता ठाउँमा 'नङसिङमा' कपाल खौरेर मात्रै घर आउने र साम्दाखोङ् एक कुनामा राखेरचोखो नितो गरि सुकुल/गुन्द्री ओछ्याएर मृतकको नाममा देब्रेहातले 'हुक्वा फिम्मा' खानेकुरा चढाउने गर्दछन् । खाःउमा को समयसम्म मृतकको छोरा, छोरी, बुहारीले सेतो लुगा लगाउने गर्दछन् । यो नेःयुक्मा वस्दा लगाउने कपडा, कपाल खौरने समय हिन्दु धर्मको प्रभाव परेको देखियो । लिम्बूहरुको परम्परागत हिसावले हो भने मृतकलाई दाहसंस्कार गरेकै दिन देखि तीन/चार दिन सम्म नेःत्युक्मा गरेर नुनतेल फुकुवा गरि तीन मासा, छ मासा, नौ मासा गरि समय उचित मिलाएर ठुलो काम वा शुद्धाई गर्ने चलन थियो । तर आजभोलि समय अनुसार लिम्बूहरुको सोचाई र अभ्यासमा परिवर्तन आएको

कारण समय र खर्च बचोस् भन्ने हिसावले छोराको चार र छोरीको तीन दिनमा नै नुनतेल र शुद्धाई कार्य एकै पटक गर्ने चलन आईसकेको छ ।

## १. मृत्युसंस्कारमा आएका परिवर्तनका कारक तत्वहरु

यस अध्ययन क्षेत्रका लिम्बूहरुको मृत्युसंस्कारमा परिवर्तन आउनुका कारक तत्वहरु निम्नानुसार रहेको पाईयो ।

### क) सामाजिक तथा साँस्कृतिक पक्ष

यस अध्ययन क्षेत्रमा लिम्बूहरुको परम्परागत मृत्युसंस्कारमा परिवर्तन हुनका मुख्य कारण सामाजिक तथा साँस्कृतिक पक्ष हो भन्ने कुरा पाइन्छ । यस ठाउँका लिम्बूहरु परापूर्व काल देखिनै बसोबास गर्दै आएका हुन् । यस ठाउँमा अन्य जातिहरु बसाँइ सरेर आएको हुनाले उनिहरुको संस्कार को प्रभाव र समाजको पुरानो संरचनामा भएको फेरवदल र सम्मिश्रणका कारणले परिवर्तन आएको पाइयो । समाज समुदायका सदस्यहरुमा परसंस्कृति अवलम्वन गर्नाको कारणले गरेर पनि संस्कार संस्कृतिमा परिवर्तन हुँदै गइरहेको पाइयो । मुख्य गरेर राज्यले विगतमा एक भाषा, एक धर्मको नीतिले पनि यसमा परिवर्तन हुन बाध्य पाऱ्यो । जसको कारण लिम्बूहरुको मृत्युसंस्कारमा मुख्य गरेर हिन्दु धर्मको प्रभाव परेको देखियो । जस्तै मृतकलाई दाहसंस्कार गर्दा जंगलमा वा खोलामा लगेर जलाउने किरिया बस्दा लगाउने कपडामा आदि । साथै अन्तर्जातिय विवाह, मिश्रीत बसोवास आदिको कारण एक जातिको संस्कार र संस्कृतिले अर्को जातिको संस्कार र संस्कृतिमा प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभाव पारेको देखिन्छ ।

### ख) आर्थिक पक्ष

समाजको हरेक पक्षमा प्रभाव पार्ने प्रमुख पक्षको रुपमा आर्थिक पक्ष रहेको हुन्छ । जो सिङगो समाजको मेरुदण्डको रुपमा रहेको छ । लिम्बूहरु पनि पहिला किपट धनी र आर्थिक रुपले सवल थिए । समुदायमा समतामूलक र आपसी समझदारी विनिमयमा सञ्चालन हुन्थ्यो । जहाँ परम्परागत संस्कार संस्कृतिको अभ्यास हुन्थ्यो । त्यहाँ आफ्नो पुर्खाहरु ले गर्दै आएको संस्कार र संस्कृति प्रति अघोर विश्वास र आस्था राख्दथे । त्यसको विकल्प नै थिएन । जब समाज विकास हुँदै विस्तार हुँदै गयो । अर्कोतिर किपट व्यवस्थाको अन्त्यसँगै

विस्तारै लिम्बूहरु आर्थिक स्थितिले पनि कमजोर बन्दै गए । त्यसपछि लिम्बूहरुको जुनसुकै संस्कार, संस्कृतिहरुमा आर्थिक स्थिति बलियो हुनेहरुले असिमित खर्च गरे आर्थिक स्थिति कमजोर हुनेहरुले ऋण काडेर भएपनि सम्पन्न गर्नुपर्ने स्थिति आयो । समयसंगै विस्तारै मानिसको सोचमा पनि परिवर्तन आयो र व्यवहार पनि परिमार्जित हुँदै गयो । लिम्बूहरुले विभिन्न भोज भतेरमा जाँड रक्सि र मासुसहित अधिकतम खर्च गर्ने विद्यमान चलनलाई समय, काल र परिस्थिति अनुसार न्युनिकरण गर्दै सम्पूर्ण संस्कार विधिमा मौलिकता कायम राख्दै मितव्ययीता अपनाउँदै आएको पाइयो । अहिले आर्थिक स्थिती कमजोर हुने र धनी लिम्बूहरुले पनि समाजमा एकै प्रकारले संस्कार सम्पन्न गर्न सक्ने स्थिती आएको पाइयो । यसकारणले गर्दा पनि लिम्बूहरुको मृत्युसंस्कारमा परिवर्तन आएको पाइयो । जसले गर्दा जुन परिवारका सदस्य बाहिरी क्षेत्र वा वस्तुसँग परिचित भएको छ त्यस्तो व्यक्तिको विचार र अभ्यास गराईमा पनि परिवर्तन भएको पाइयो । त्यस कारण लिम्बूहरुको परम्परागत मृत्युसंस्कारमा परिवर्तन हुनमा आर्थिक पक्ष सवल रुपमा देखियो ।

**ग) शैक्षिक पक्ष**

लिम्बूहरुको परम्परागत संस्कार संस्कृतिमा परिवर्तन ल्याउने अर्को तत्व शैक्षिक पक्ष देखियो । नेपालमा एकात्मक सोचको राज्य व्यवस्थाले विगतमा लागु गरेको विभेदपूर्ण साँस्कृतिक धार्मिक अवस्था त अर्को तर्फ पढेलेखेका शिक्षितहरुले बेवास्ता गर्नाले यस्तो परिवर्तन आएको देखियो । यस्तै एकजना अवकाश प्राप्त लिम्बू शिक्षकको भनाई के थियो भने 'पञ्चायत काल सम्म निरङकुश र २०६३ अगाडि असमावेशी शिक्षाले सबैलाई एकात्मक धर्म संस्कार संस्कृति बनाउने र एक धर्म संस्कृतिको वकालत गऱ्यो । जसले आदिवासीहरुको संस्कार र संस्कृतिको चर्चासम्म गरेन । बरु भएका त्यस्ता संस्कार संस्कृतिलाई निरुत्साहित गऱ्यो ।' उनका अनुसार लिम्बू शिक्षितहरु आफ्नो संस्कार संस्कृतिमा बेवास्ता गर्न थाले । शिक्षित भएकै कारण उनीहरु रोजगारीको सिलसिलामा आफ्नो मौलिक बस्तीबाट टाढा गए । यसले पनि लिम्बूहरुको परम्परागत संस्कार संस्कृतिमा परिवर्तन ल्यायो । जो शिक्षाको प्रचार प्रसार विकास कै कारण थियो । अर्थात परिवार समाजमा शिक्षितहरुको संख्या बढ्दै जाँदा परम्परागत संस्कार संस्कृतिको अभ्यासमा व्यापक परिवर्तन हुँदै गयो ।

त्यस्तो शिक्षाको स्वरुपलाई एकात्मक राज्य व्यवस्थाको असमावेसी नीतिले तय गरेको थियो । त्यस माथि पनि आधुनिकीकरण र पश्चिमाकरणको लहरले शिक्षा, पाठ्यक्रममा लपक्कै पारेको वेला मानिसलाई आधुनिक, विकसित, सभ्य बन्न आफ्नो परम्परागत संस्कार संस्कृति त्याग्न सिकायो । नयाँ र परायको संस्कृति अवलम्बन गर्न सिकायो । यसै गरि कतिपयले  सम्पूर्ण रुपले पनि आफ्नो परम्परा छोड्न सकेनन् त फेरि आफ्नो पूरा संस्कृति पनि ग्रहण गर्ने भएनन् । परम्परागत रुपले जेजस्ता विश्वास पूर्खाहरुले गर्दै आएकाथिए त्यसमा नयाँ सोच विचार आउन थाल्यो र त्यस्ता विश्वसहरु लाई विस्तारै छोड्दै लगेको देखिन्छ । यसरी परिवर्तन आएको देखियो । त्यसैले लिम्बूहरुको संस्कार संस्कृतिमा आएको परिवर्तनको कारणले मृत्युसंस्कारमा पनि परिवर्तन आएको देखियो ।

### घ) संचार माध्यम

संचार माध्यम एक पक्षीय तरिकाले समाजमा छाउन थाल्यो । आम संचारको प्रभाव र विस्तारको कारण लिम्बूहरुको संस्कार संस्कृतिमा परिवर्तन हुँदै आउन थाल्यो । एकजना ब्रिटिस भर्तीबाट अवकाश प्राप्त लिम्बूको भनाई यस्तो थियो– 'प्रत्येक जसो घरमा भित्रिएको टि.भि., रेडियो, र मोवाइल फोनले असल र खराब छुट्याउनै नसक्ने हाम्रो समुदायमा नक्कली दुनियालाई सक्कली मान्ने वनाइसके । फलत स्थानीय संस्कार र संस्कृति विस्थापित हुँदै लोप र आयातित संस्कृति मौलाउँदै गइरहेको छ । हाम्रो इतिहास गौरब धान्ने संस्कार र संस्कृति लोप भएको छ । न पालाम, न जुहारी, न ढोल नाच, न धान नाच, न हाक्पारे ख्याली, आदि जस्ता आफ्नो संस्कार संस्कृतिको अभ्यास गर्नु भन्दा त अरुको संस्कृति नै प्यारो मान्न थाले । अर्को पक्ष लिम्बूहरुको संस्कार संस्कृतिमा संचार माध्यमले सजिलो पनि पारिरहेको छ । यो विभिन्न संचार माध्यम आउन पहिला लिम्बूहरुको मृत्यु हुँदा चेलिवेटी, कुलकुटुम्वहरुलाई खबर गर्नको लागि काँचो धागोले बाँधेर जति टाढो भए पनि, जति समय लागे पनि मान्छे लाई पठाइन्थ्यो, तर अहिले फोन गरेर एकै मिनेटभित्र खवर गर्न सकिन्छ ।' यसरि संचार माध्यमले लिम्बूहरुको मृत्युसंस्कारमा परिवर्तन ल्याउन सहयोग गरिरहेको पाइयो ।

### ङ) बसाँईसराई तथा वैदेशिक रोजगार

बसाँई सराई तथा वैदेशिक रोजगारले पनि यस अध्ययन क्षेत्रको लिम्बूहरुको मृत्युसंस्कारमा परिवर्तन ल्याएको पाइयो । यस गाऊँमा अन्यजातिहरु बसाँई सरेर आएका र ति जातिहरु

हिन्दु रहेको पाईयो । यसकारण लिम्बूहरुको संस्कार संस्कृतिका साथै मृत्युसंस्कारमा हिन्दुहरुको प्रभावले परिवर्तन भएको देखियो । अर्को कुरा गाउँबाट शहर, पहाडबाट तराई, गाउँबाट विदेश गएर लामो समय बस्दा विविध खाले सामाजिक, सांस्कृतिक बनोट भएको समाजसंग घुलमिल गर्नु पर्ने हुन्छ । त्यस्ता ठाउँमा सम्बन्धित परम्परागत संस्कारको जानकार फेदाङमा, तुम्याङहाङ, पाइदैनन् । विदेशी भूमिमा विविध परसंस्कृतिको प्रभावले चेतना र अभ्यासमा पनि परिवर्तन आउने छ । यि सबै कारणले लिम्बूहरुको मृत्युसंस्कारमा परिवर्तन ल्याएको पाइयो । गोर्खा भर्ती तथा भारतिय सेनामा जानेको संख्या सहित पछिल्ला वर्षहरुमा खाँडी, मलेसिया लगायत युरोप अमेरिकामा जानेहरुको संख्या बढेको छ । यसले लिम्बूहरुको परिवारको आम्दानी, सेवा सुविधाको प्रयोग र आम्दानिको कारण मान्छेहरुको दैनिक जीवनमा परिवर्तन आउन थाल्यो । यसले लिम्बूहरुको मृत्युसंस्कारमा परिवर्तन ल्याउन सहयोग गरेको पाइयो ।

# अध्याय पाँच

# सारांश र निष्कर्ष

प्रस्तुत अनुसन्धान तेह्रथुम जिल्लाको खाम्लालुङ, लिङदेनका लिम्वूहरूको परम्परागत मृत्युसंस्कारमा परिवर्तन र त्यसका कारक तत्वहरुका बारेमा वुभ्न गरिएको थियो । परम्परागत रुपमा लिम्बूहरु पूर्खाहरुले गर्दै आएको संस्कार संस्कृतिमा अघोर विश्वास र आस्था राख्दथे । जहाँ हरेक संस्कारहरुको विधि पुरा गर्दै जानुपर्ने अवस्था थियो । तर समाज परिवर्तनको बहाववबाट लिम्बू मूल्य मान्यता पनि अछुत नरहेको देखिन्छ । यस परिवर्तनको लागि आधुनिकीकरण, शिक्षा, सञ्चारमाध्यम, बसाँई सराई, परसस्कृतिग्रहण र हिन्दु संस्कृतिको अनुशरणले मुख्य भूमिका खेलीरहेको देखिन्छ ।

लिम्बूहरुको मृत्युलाई चार प्रकारले लिने गर्दछन् कालगति मृत्यु, अकाल मृत्युमा मा सुगुप, ससिक, र सोघा पर्दछ । यि प्रत्येक मृत्युहरुमा मृत्यु संस्कार गर्ने विधिहरु फरक रहेको पाइयो । यस अध्ययन क्षेत्रका लिम्बूहरुले मृत्युसंस्कारका कतिपय कुराहरु लाई पूखाहरुले जे जसरि विश्वास गर्दै आएका थिए त्यसलाई उनिहरुले पनि गर्दै नै आएका छन् । लिम्बूहरुमा हालसम्म पनि मृत्यु भएको दिन देखि खाःउमा नगरिन्जेलसम्म मृतआत्मा आफ्नो घरवरिपरी घुमेर रहिरहन्छ भन्ने विश्वास गरेर मृतआत्माले पाओस् भनि बिहान बेलुका घरमा जे खाना पाक्छ त्यो चोखो ठाउँमा पात उल्टो पारि खाना उक्त पातमा राखेर चढाउने गरेको देखिन्छ । लिम्बूहरुमा मृत्यु भएपछि दाहसंस्कारदेखि लिएर अन्तिम शुद्धाई कार्य, मिक्वा साङमा गरिने सम्पूर्ण परम्परागत विधिहरुमा विस्तारै परिवर्तन भईरहेको देखिन्छ । जुठो परेको बेला बार्नुपर्ने नियमहरु डाँडा खोला काटेर जानुहुँदैन, अजातले छोएको खानुहुँदैन र गाडी चढ्नुहुँदैन आदि जस्ता नियमहरुमा अहिले समय र आवश्यकता अनुसार बाध्यता बस पालना नगरि परिवर्तन गर्नुपर्ने अवस्था आईरहेको देखियो । त्यस्तै चिहान खन्नका लागि माटो किन्ने चलन लिम्बूहरुमा रहँदै आएको छ । त्यसको लागि तागेरा निङवाफुमाङ र त्यहाँका भूमि पुत्रहरु लाई मान मनितो पुरा गरेर तामाको पैसा, अररीको काँडा र हर्कटोको पात अनिवार्य चाहिन्थ्यो । यस्ता विश्वास लाई तोडेरे हाल यि उल्लेखित चिजहरु नभएमा सिक्का पैसा र कटुसको पातले भएपनि माटो किन्ने विधि आएको देखियो ।

पहिला कुनै वावु आमाको मृत्यु भएपछि दाहसंस्कार गरिसकेपछि उसको छोराछोरीले साम्दाखोङ सहित घरको एक कुनामा छोराले टोपी खोलेर लगाएको लुगा उल्टो पारेर, छोरी बुहारीले लगाएको चोलो उल्टो पारेर परालको गुन्द्री उल्टो पारेर वसी चोखोनितो गरि मृतकको नाममा 'हुक्वा फिम्मा' खानेकुरा चढाएर आमाको ३ वा ४ दिनसम्म वारेर युम्सा नाःक्मा 'नुनतेल फुकाउने' कार्य सकेर मात्रै छोराहरुको 'नङसिङमा' कपाल खौरने चलन थियो । र अन्तिम शुद्धाई ३ मासा, ६ मासा, ९ मासा राखेर मृतआत्मालाई बिदाई दिने चलन थियो । अहिले समय र परिस्थिति अनुसार यसमा चाहिँ पूरै हिन्दु धर्मको प्रभावले गरेर परिवर्तन आएको पाइयो । जसमा मृतकको दाह संस्कारपछि चिहानघारी नजिकै खोला, कुवा, धारामा छोराको 'नङसिङमा' कपाल खौरेर नुहाईधुवाई गरि चेधाप वनाउँदा प्रयोग भएको सेतो कपडाको कन्दुवार र टाउकोमा छोपो ओडाएर, छोरी बुहारीलाई कपाल फुकाउन लगाई एकसरो लुङगी बेरेर साम्दाखोङ सहित घरको कुनामा सोहि विधि अनुसार ३ वा ४ दिन बारेर नुनतेल माग्ने कार्य र शुद्धाई कार्य पनि परिस्थिति अनुसार एकै पटक सक्ने गरेको पाइयो ।

लिम्बू जातिहरू पनि आफ्नो आर्थिक अवस्था प्रति सचेत हुन थालेको देखिन्छ । जसले गर्दा आर्थिक भार प्रति सचेत भएर अनावश्यक मान्यताहरूलाई क्रमश हटाउदै लगेको देखिन्छ । लिम्बूहरुको हरेक संस्कारमा रिण काडेर भएपनि असिमित रुपमा जीवातहरु काटेर मासुमंस, जाँड, रक्सी खाने खुवाउने चलन थियो । यस्तै मृत्युसंस्कारमा युम्सा नाःक्मा कार्य शुद्धाइ कार्यमा दुबै पटक भोज खुवाउने गर्दथे । अहिले यसमा परिवर्तन भएर छोटो समय र थोरै खर्च हुने भएकोले एकै पटक छोरा मान्छेको ४, छोरी मान्छेको ३ दिनमा नुनतेल माग्ने कार्य र शुद्धाई कार्य गर्ने चलन आएको पाइयो । त्यस्तै आमन्त्रित प्रत्येक पाहुनाहरुले उनिहरुको हैसियत अनुसार चाम्लाङ तोःम्मा गर्न चार खुट्टे जीवात तानेर ल्याउनु, असिमित जाँड रक्सी बोकेर ल्याउनु पर्दथ्यो । यसरी ल्याइएको जीवातहरु सवै काटेर फुदोङ खान दिने र जजसले ल्याएको छ उनिहरुलाई खुवाउने र टाउको तिरको भाग एउटा खुट्ट सहित घरमा बोकाएर पठाउने चलन थियो अहिले यो चलन पनि विस्तारै हट्दै गएको पाईयो । बरु यसरी पाहुनाहरुले ल्याउने चाम्लाङ तोःम्मा गर्दा इच्छा अनुसार पैसा नै दिने चलन आइरहेको पाइयो । सम्पूर्ण लिम्बूहरूको सामाजिक जनजीवनलाई नियाल्दा यिनीहरू खानपिन, नाचगान, मेलापर्व प्रति ज्यादै झुकाव राख्दछन् ।

# References


आङदेम्बे, दिलविक्रम (२०६७/२०६८), *लिम्बू जातिका संक्षिप्त परिचय,* कीर्तीपुर : *निङवासो* लि. वि. मञ्च त्रि. वि. वि.।

कि.या.चु. (वि.सं. २०६९), *चुम्लुङ अभिलेअ,* ललीतपुर : किराँत याक्थुङ चुम्लुङ केन्द्र ।

चेम्जोङ, ईमानसिं (वि.सं २०६९), *किराँत इतिहास र संस्कृति,* अनाम नगर काठमाण्डौ : प्रम्प प्रिन्ट ।

थेबे, अमृता (वि.सं. २०६९), *लिम्बु जातिका तुम्याङ न्याय प्रणली,* धरान : विश्व याक्थुङ मुन्धुम समाज ।

बिष्ट, डोर बहादुर (वि.सं. २०५९), *सवै जातको फुलबारी,* ताहाचल : स्थापित प्रेस, हिमाल किताव प्रा.ली. ।

माबुहाङ, अजुर्नबाबु (वि.सं. २०६९), *लिम्बू जातिको मुन्धुम र इतिहास,* हरिश्चन्द्र माबुहाङ र भीम माबुहाङ ।

मेन्याङवो, तुम्याङहाङ लक्ष्मण (वि.सं २०६१), *लिम्बू मृत संस्कारहरु, धरान : देउराली अफसेट प्रेस,* नरेन्द्र कुमार मेन्याङवो ।

राई, रामचन्द्र (वि.सं. २०६६), *प्राचिन किराँतहरुले छाडेका सम्पदाहरु,* काठमाण्डौ : दिदि बहिनी अफसेट प्रेस, यसोदा खापुङ ।

लाओती, येहाङ (वि.सं.२०६२), *आदिवासी लिम्बु जातिको संक्षिप्त परिचय,* बागबजार काठमाण्डौ : कन्चन प्रिन्ट प्रेस , दिल बहादुर लाओती ।

सेनेहाङ, दिल (वि.सं. २०६७), *लिम्बुका थर, वसोवास र संस्कृति,* प्रदिप प्रिन्टिङ प्रेस, सेरि ताम्लिङ सेनेहाङ ।

सिरेङ चोङवाङ, रनधोज (वि.सं. २०६८), *ङा मुक्साम,* पथरी मोरङ : सुप्रिम प्रिन्टिङ प्रेस, प्रकाशन समिती ।

श्रेष्ठ, शिव कुमार (वि.सं. २०६९), *लिम्बुवानको ऐतिहासिक अध्ययन,* ललितपुर : साझा प्रकाशन, साझा प्रकाशन ।

Ahmed, Akhbar S. (1985). *Death in Islam: The Hawker Bay Case.*

C. B. S, National Population and Housing Census (2011). *Central Bureau Of Statistics,* Kathmandu.

Caplan, L. (1970). *The Land and Sosial Change in East Nepal, 2nd ed.* Litpur : Himal Books.

Fitzpatric, C. (2011). *Cardemom and Class: A Limbu Village and Its Extension in East Nepal.* Thamel Kathmandu: Vajra Publication.

Goodey, J. (1959). *Death and Social Control among the Lodagaa.* Vol 59: 134-138.

Holmberg, H. D. (1989). *Order In Paradox: Myth, Ritual, and Exchange Among Nepal's Tamang,* Cornel University Press.

Nepali, G. S. (1965). *The Newar: An Ethn-Sociological Study Of a Himalayan Community,* Durbar Marg: Himalayan Booksallers Ghantaghar, Clock Tower.

Perry, J. (1982) *Death and Regeneration of Life.*

Regmi, M.C. (1977). *Landownership in Nepal.* Delhi: A Droot Publisher.

Sagant, P., (2008). *The Dozing Shaman: The limbus of Eastern Nepal.* New Delhi: Oxford University Press.

Subba, C., (1995). *The Culture & Religion of Limbus, 1st ed.* Mudranalaya: Bani Offset.